खाद्यान्नको अभावलेनै पूराना सभ्यताहरूले लोप भएका हुन् । सुमेरिएन र मायन सभ्यता प्रतिनिधी उदाहरणहरू हुन् । जसले वातावरणीय रुपले दीर्घकालीन समयसम्म कायम रहन सक्ने किसिमको खेती प्रणाली अंगालेन । सिँचाईको कारणले समुद्रको नुन माटोमा आयो र सुमेरिएनहरूको कृषि उत्पादन बन्दै भयो । यद्यपि उनीहरूको सिँचाई सुनियोजित थियो । मायनहरूको कृषि भू-क्षयको कारण ध्वस्त भयो । हामी अहिले मायनहरूको बाटोमा हिड्दै छौं । सुमेरिएनहरूको जमीनमा नुनको तह बढेजस्तै हाम्रो आधुनिक कृषि वातावरणमा बढ्दो कार्वन डाइअक्साइडको मात्राले क्षेति भोग्दै आएको छ । मायनहरूले जस्तै हाम्रो माटोको व्यवस्थापन खराब तवरले गरेर भू-क्षय व्यहोरिहेका छौं ।

अझै हाम्रा प्राचीन सभ्यताहरू लोप हुनुमा एकदुईवटा मात्र कृषि विग्रने वातावरणीय कारणहरू थिए । हामी अहिले विविध कारणहरूसँग जुध्नु पर्ने स्थिति छ । हाम्रा प्राचीन सम्भाव्यताहरूले भोगका समस्याहरूको चर्को रुप अतिरिक्त हाम्रा जमीन मूनिको पानीको तह घट्ने तापक्रम बढ्ने र विभिन्न कारण कृषिको उत्पादन बढ्न नसक्ने जस्ता समस्याहरू सामना गर्नु परिरहेको छ ।

यस पृष्ठभूमिमा हामीले यो कुनै अनौठो मान्नु पर्दैन कि राष्ट्रसंघीय खाद्य मूल्य सुची सन् २००२ को आधारमूल्य १०० रहेकोमा २०१२ को माध्यम दुईगुना बढेर २०१ पुग्न गयो सरदरमा आफ्नो आम्दानीको नौ प्रतिशत खर्च गर्ने अमेरिकीहरूलाई यसले खास फरक पार्दैन । उनीहरूलाई आफ्नो खर्च प्राथमिकता बदलिए भइहाल्छ । आफ्नो आम्दानीको ७० प्रतिशतसम्म खर्च गर्नेपर्ने उपभोक्ताको कुरा गर्दा यो गम्भीर विषय हो ।

खाद्यान्नको मूल्य वृद्धि र अन्न भण्डारण खस्कनुको परिणाम भनेको भोकमरीको विस्तारनै हो । सहमतीको अन्त्यतिर भोका मानिसहरूको सङ्ख्या घटि रहेको थियो । सन् १९२७ मा यो संख्या ८० करोडको हाराहारीमा झरेको थियो । त्यसपछि जो बढ्दै गएर एक अर्बले नाघ्यो । दुर्भाग्यवस परिस्थिति यस्तै रहिरहने हो भने भोकमरी बढी नै रहनेछ ।

खाद्य वस्तुको चर्को मूल्य र न्यून् आय विच पिल्सिएकाहरूको उपाय कम खाएर बाँच्नेनै हो । निरन्तर भोकमरी खेपेको विश्वका कुपोषित झण्डै एक अर्व मानिसहरू मध्ये धेरैजसो दक्षिण एसिया र अफ्रिकाको तल्लो सहारा क्षेत्रमा बस्दछन् । अन्यत्र पनि भोकभरीका पकेटहरू छन् र तर यी दुई क्षेत्रमा भने भोकमरी व्याप्तनै छ । भारत जहाँको अर्थतन्त्र ओह्रालो लागिरहेको छ । त्यहाँ भोकमरी र कुपोषण निकै घटेको जस्तो लाग्छ तर त्यहाँ त्यसरी घटिरहेको छैन । सम्भवत: त्यहाँको गरीबहरूको आम्दानी भन्दा खाद्य वस्तुको मूल्य धेरै माथि छ । भोकमरी ग्रस्त समाजमा धेरै दुख: पाउने केटाकेटीहरू हुन्छ । कति यति कमजोर छन् कि स्कुलसम्म पनि पुग्न सक्दैन । कति यति कुपोषित छन् उनीहरूको सामान्य शारीरिक र मानसिक विकास पनि अवरुद्ध भएको छ । उनीहरूको मानवीय सम्भावना बारे हामीलाई थाहा छ । यसको मूल्य दशकौं सम्म चुकाइरहुन पर्नेछ भोकमरीलेनै भारतमा झण्डै पचास प्रतिशत केटा केटीहरूको सामान्य शारीरिक र मानसिक विकास हुन सकेको छैन । उनीहरूमा हुनुपर्ने मानसिक विकास हुन सकेको छैन । उनीहरू हुनुपर्ने भन्दा साना आकारका र कम तौल भएका र अनि सम्भवत: उनीहरूको

As FAO turns 75, its mission to end hunger and nourish

Amongst these, Qu highlighted pioneering sciences and technologies, stressing that "Innovation is our ally in re-imagining our food systems and ending hunger, as we are morally and politically bound to do in the next ten years".

As FAO turns 75, its mission to end hunger and nourish the world is as relevant today as ever

19 October 2020

16 October 2020, Rome - Today, World Food Day marks the 75th anniversary of the Food and Agriculture Organization (FAO) of the United Nations.

Born on the wake of catastrophe - World War II, three-quarters of a century later, FAO's mission to end hunger and nourish the world has been made more relevant because of another global scourge - the COVID-19 pandemic, said QU Dongyu, FAO Director-General.

Along the way, the world, and with it FAO, went from growing more food, to getting attuned to its environmental footprints, setting up regulatory frameworks in response, getting animal diseases under control, and, finally, seeing the fight against hunger as inseparable from other development goals.

Hence, also, this year's World Food Day's theme: grow, nourish, and sustain. Together.

"The present moment is again fraught with danger, complicated, and demands urgent action. As hunger grows once more, as the COVID-19 pandemic exposes the fragility of our food systems, history is calling upon us once more to rise to the challenge," urged Qu.

The Director-General spoke today at FAO's global 75th Anniversary/World Food Day virtual event in Rome, which brought together Pope Francis; Italy's President; Lesotho's King and Spain's Queen - FAO Special Goodwill Ambassadors for Nutrition; UN's Secretary General; and the heads of IFAD and WFP.

Saluting FAO's anniversary, Pope Francis described the organization's mission as "beautiful and important".

Time to build back better

World Food Day is marked this year as global hunger rises for the fifth consecutive year and a healthy diet is out of reach for 3 billion people. Nearly 700 million people still go hungry, and the pandemic could tip up to 132 million more into hunger by the end of 2020.

This year's World Food Day aims to galvanize and accelerate action towards ending hunger and malnutrition in all its forms, and to make food and agriculture an essential part of the COVID-19 response.

Chief amongst them, as speakers at today's event noted, are global solidarity and building more resilient, robust agri-food systems that can withstand shocks, deliver affordable and sustainable healthy diets for all, and decent livelihoods for all workers along the food supply chain.

"Now is the time to rethink our approaches and redouble our efforts," said Qu.

Amongst these, Qu highlighted pioneering sciences and technologies, stressing that "Innovation is our ally in re-imagining our food systems and ending hunger, as we are morally and politically bound to do in the next ten years".

Pope Francis urged for more support for FAO's and all UN food agencies' initiatives that promote sustainable and diversified agriculture, and support small farming communities and the rural development of the poorest countries.

Using the money that buys arms and covers military expenses for defeating hunger and rural development instead would also be a "courageous decision", said the Pope.

"Hunger is not merely a disaster for humanity but also a disgrace... We cannot fail to respond or to act. We all are responsible," said Pope Francis.

धेरै कुराको पृष्ठभूमि कृषि परिषद्द्वारा तयार पारियो ।

२००७ सालमा राणा शासन छँदा नै अमेकिा र नेपाल सरकारको बीच भएको सम्झौता अनुसार यहाँ पनि चतुर्लक्ष कार्यक्रम चालु हुने भयो । तर प्रजातन्त्र आएपछि मात्र यसमा काम गर्नको निमित्त श्री पाल डब्ल्यु रोज काठमाडौं आउनु भयो । कृषि विकास तर्फ नै सर्वप्रथम काम गर्ने निर्णय भए वमोजिम कृषि परिषद्द्वारा तयार पारिएका पृष्ठभूमिहरूको खोजी फेरि हुन थाल्यो । २००८-०९ सालेदेखि अमेरिकी सहायता प्राप्त हुन थालेपछि यसरी तयार पारिएका पृष्ठभूमिहरूको आधारमा बनेको योजनाहरूले वृहत रुप लिन थाल्यो र कृषि परिषद्लाई विघटन गरी कृषि विभाग (Departmento of Agriculture) खडा भयो र कृषि परिषद् सेक्रेटरीहरूलाई कृषि विभागका डाइरेक्टरमा सरुवा निर्युक्ति गरियो । काम बढ्दै गएपछि कृषि विभागबाट तयार पारिएका प्रत्येक योजनाहरू कार्य रुपमा परिणत गर्न छुट्टा-छुट्टै विभाग हुन आए । त्रिभुवन ग्राम विकास विभाग (हाल पञ्चायत विकास विभाग) नहर, विभाग राप्तीदून विकास विभागको सिर्जना यतैबाट हुन आई कृषिको व्यवस्थापनमा निकै प्रगति आयो ।

२००८-०९ सालदेखि यता कृषि परिषद् खरोज भैसकेकोले डाइरेक्टरको मातहत विभिन्न विषयका सेक्सनहरू खडा गरिने योजना बने । २०१० सालमा कृषि विभागमा एग्रोनोमी, हर्टिकल्चर, लाइभस्टक एण्ड डेरी, एगृ इन्जिनियरिङ्ग फिसरीज गरी (भेटेरेनरी बाहेक) ५ सेक्सनहरूमा मात्र खडा भएका थिए । तापनि आज देशको कृषि व्यवस्था सपार्नुको निमित्त कृषि विभागमा जम्मा ३ सेक्सनहरूको सिर्जना भैसकेको छ । प्रत्येक सेक्सनको मातहत कृषि व्यवस्थालाई सुदृढ पार्दै लग्ने योजना तथा देशव्यापी कार्यक्रमहरू चालु गरिएका छन् ।

२०१७ साल मार्ग २४ का दिन श्री रानी जगदम्वा कुमारीद्वारा श्री जगदम्वा कलेज अफ एगृकल्चर एण्ड रिसर्ज इन्स्टीच्युटका लागि करीब १६,००,००० नेरुको आफ्नो निजी श्री महल भन्ने भन्ने एक ठूलो घर श्री ५ को सरकारमा कृषि विकास निमित्त प्रदान गरियो । कृषि विकासको निमित्त चाहिने व्यवस्था सकारद्वारा भईरहेको समयमा यस्तो उपहार कृषि व्यवस्थाको उत्तरोत्तर वृद्धिको क्षेत्रमा एक साह्रै हर्षको कुरा हुने आयो । नेपालको कृषिमा श्री रानी साहेबको यो त्याग सदा अमर रहेछ ।

१९७९ सालदेखि विस्तारै विस्तारै कार्य क्षेत्र बढाउँदै आएको कृषि विभाग आज २०२० साल देखि विस्तार विस्तारै कार्य क्षेत्र बढाउँदै आएको कृषि विभाग आज २०२० सालमा आएर श्री ५ को सरकारको एक मूख्य विभाग भैसकेको छ र यस अन्तर्गत हुने कार्यक्रमको विवरण दिँदा सम्पूर्ण कार्यक्रमलाई कृषि अनुसन्धान, कृषि प्रसार तथा कृषि तालिममा विभाजन गरिएको पाइन्छ । "यि तिनै कृषि विकासका अङ्ग हुन् र तीन मध्ये कुनैलाई पनि अलि ध्यान पुऱ्याउन नसके कृषि विकासमा ठूलो आघात पुग्ने सम्भव छ ।' (कृषि विभाग २०१९/२० को कार्य तालिकाबाट ।)

कृषि अनुसन्धान राम्रो व्यवस्थामा हुनु पर्दछ भन्ने एक योजना २०१० सालतिर श्री कृष्णवम मल्लद्वारा पेश गरिएको थियो । यसमा एक नेपाल एगृकल्चर रिसर्च इन्स्टीच्यूट (NARI) को स्थापनाको सिफारिस गरिएको थियो । कृषि विभागको व्यवस्था राम्रो गर्नको निमित्त २०१४ सालमा पनि उपरोक्त तीनै कुरालाई सन्तुलन अवस्थामा राखी कार्य सम्पादन गर्ने योजना पेश भएको थियो र यसमा पनि कृषि काउन्सिलको सिफारिस भएको देखिन्छ । सबै कुराबाट कृषि विभाग सुसज्जित हुँदै आई आज देशको अनेक कृषि समस्या पूर्णतया हल गर्ने अवस्थामा पुग्न-पुग्न लागिसकेको छ ।

वैज्ञानिक कृषि प्रचारकले मात्र कृषि र कृषकहरूका आर्थिक अवस्था सुध्रने, यिनीहरूमा सदा सर्वदा निकै ऋणको बोझहुने भनेको बेलामा भनेजति ऋण समेत प्राप्त नहुनुले हुँदा कृषि उत्पादन समेत घटी हुने देखियो । ग्रामीण तथा किसान वर्ग र पूँजीवाल कालीगढहरूलाई समेत सहयोगद्वारा कार्य गर्न सिकाउने, मानिसहरूको सहकारिता सम्बन्धी दक्षताको वृद्धि गरिने, संगठन योग्यता बढाउने सरल शर्त र कम व्याजमा ऋण उपलब्ध गराउने व्यवस्था गरी भीषण सूदखोरीबाट मुक्त पारी किसानहरूका आर्थिक अवस्था सुधार्ने आदि उद्देश्यले सहकारी आन्दोलनलाई देशव्यापी गराउने २०१४/१५ को आर्थिक वर्षदेखि सहकारी विभाग खोलियो ।

कृषकहरूको आर्थिक अवस्था सुधार्न शताब्दीदेखि चालि आएको विर्ता जस्तो कुप्रथालाई हटाई कृषकहरूलाई बढी हक दिनु पर्ने आवश्यकता प्रगतिशील नेपालीहरूको थियो तापनि २००७ साल भन्दा पहिले यस बारे कुनै कारवाही हुन असम्भव थियो । २००७ सालको क्रान्तिमा यही कुप्रथालाई हटाई किसानको हक सुरक्षित राख्ने नाराद्वारा पनि जनचेतना ल्याएको थियो प्रजातान्त्रिक सरकार गठन भएपछि २००८ साल पौषमा यसबारे गजेटमा इस्तिहारको रुपमा प्रकाश गरियो । २००९ सालमा भूमि सुधार कमिशन खडा भयो ।

२०१२ सालमा आएर किसानहरूमा परिरहेको अपार शोषणको अन्त्य गर्ने भूमि सम्बन्धमा १३ सुत्रीय योजना निस्क्यो र यसलाई कार्यन्वित गर्न २०१४ साल श्रावणमा भूमि सम्बन्धी ऐन समेत जारी भयो । तिरो र व्याज लिने बारेको एउटा हद कायम भयो र रकम जोर रकमलाई सुरक्षित किसानको हक समेत दिइयो । २०१६ सालमा आएर विर्ता उन्मूलन हुन आयो र सबै नेपाल अधिराज्य भित्रका जग्गामा सरकारको भू-स्वामित्व अधिकार कायम हुन आयो । सबैविर्ताहरूलाई 'क' र 'ख' श्रेणीमा विभाजन गरियो र यस्तो विर्ताहरूबाट आम्दानी तिरो सरकारी कोषमा दाखिल गराउने व्यवस्था भयो । २०१७ सालमा आएर नेपालको राज्य रजौटा प्रथा पनि समाप्त हुन आयो । यसरी किसानको सुरक्षाको निमित्त उठाइएका कदमहरुबाट भूमि व्यवस्था बारे निकै प्रबन्ध मिलाउनु पर्ने भएकोले २०१७ सालमा श्री टंक प्रसाद आचार्यको अध्यक्षतामा शाही भूमि सुधार कमिशनको गठन भयो । सिंहदरबार सेक्रेटरियट्को परिधिभित्र बसी कागजी काम मात्र नगरी नेपालको प्रत्येक जिल्ला जिल्लामा भ्रमण गरी सदस्यहरुले भूमि व्यवस्था बारे अध्ययन गरी श्री ५ महाराजधिराजको हजुरमा रिपोर्ट पेश गरेपछि श्रावण ४ गते २०१९ सालमा यस कमिशनको विघटन भयो ।

क्रान्तिकारी परिवर्तन :

श्री ५ महाराजधिराज महेन्द्र विर विक्रम शाहदेवबाट नेपालका संविधान धारा ९३ अनुसार बनाइबक्सेको "कृषि सम्बन्धी नयाँ व्यवस्था गर्नको निमित्त बनेको ऐन" (२०१९ सालको ऐन नं.४८) लागु भएकाले (१) कुत र अरु रकम कलमहरूको व्यवस्था (२) मोहीयानी हक दायित्व, (३) जग्गाको सीमा निर्धारणमा, क्रान्तिकारी परिवर्तन र जिमिदारी प्रथा उन्मूलन गरिने भएकाले साधारण रैती किसानहरूले घोषणबाट मुक्त पाउने छन् । यसबाट देशको भूमि व्यवस्थाको नमिल्दो अनेकता हटी नेपालमा पनि विश्वका अरु देश सरह प्रगतिशीलता आउने अवश्यभावी छ । (पूर्ण विवरणका लागि नेपाल गजेट भाग २ (चैत्र ३० २०१९) खण्ड १२, अतिरिक्ताङ्क ४४ (क) हेर्नुहोस् । श

बौद्धिकता पनि राम्ररी खानलाउन पाएको भन्दा १०.१५ अङ्कले कम होला ।

खाद्यवस्तुको मूल्य वृद्धिकम होला ? :

खाद्यवस्तुको मूल्यवृद्धिको प्रभावबारे आम भोकमरी भएका देशमध्येको एक कङ्गोको बारेमा न्यूयोर्क टाइम्स पत्रिकामा एकजनाले लेखे । राजधानी किन्सासाको एउटा परिवर्तनले सन् २००९ सम्म दिनको एकछाक खाना खान्थ्यो तर सन् २०१२ मा काम गरेर घरमा दुईजना कमाउने हुँदा पनि त्यो परिवारले दिनहुँ खान पुग्दैन । अहिले धेरै घरको लागि सामान्य कुरा भएको छ कि कुनै दिन घरमा दुईजना कमाउने हुँदा पनि त्यो परिवारलाई दिनहुँ खान पुग्दैन । अहिले धेरै घरको लागि सामान्यकुरा भएको छ । कि कुनै दिन घरमा केही पाक्दैन । कुन दिन खाना खाने, कुनदिन नखाने तालिका पो बनाउनु पर्छ ।

कसरी मानिसहरू खाद्य मूल्यवृद्धि सामना गरिरहछन् भनेर अन्तर्राष्ट्रिय दातृ संस्था सेभ द चिल्ड्रेनको पाँचवटा देश भारत, पाकिस्तान, नाइजेरिया, पेरु र बङ्गलादेशमा एक अध्ययन गरायो । अरु कुराको अतिरिक्त अध्ययनले के बतायो भने । भारतका २४ प्रतिशत मानिसहरू कुनै दिन केही खान पाउँदैन् । नाइजेरियामा २७ र पेरुमा १४ प्रतिशत जनसमुदायले यसो गर्छन् । यसमा परिवारको आकारले पनि फरक पार्छ । सर्वेक्षण गरिएका यी माथिका सबै देशका एकतिहाई ठूला परिवारहरू कुनैदिन केही खान पाउँदैनन् ।

बढ्दो माग :

अहिलेदेखिनै खाद्यान्नको माग दुई कारणले बढेको हुन्छ । पहिलो, माग बढ्ने कारण जनसङ्ख्या वृद्धि हो । हरेक वर्ष यस दुनियाँमा आठ करोड मानिस थपिन्छन् । आज हाम्रो भान्छामा हिजो नभएको झण्डै दुईलाख मानिसहरू थपिन्छन् । उनीहरूमध्ये धेरैको थालमा खाना हुँदैन । यसले जमीन र पानीको मागमा धेरै चाप पर्छ । जाहेर छ, उत्पादनको गति जनसङ्ख्या वृद्धिको हाराहारीमा हिड्न सक्दैन ।

अर्को कारण, उपभोक्ता खाद्य श्रृँखलामा माथि चढ्नु हो । जब दोस्रो विश्वयुद्ध पछि औद्यौगिक देशका मानिसहरू धनी हुनु थाले । उनीहरू दाना धेरै खुवाउनु पर्ने जनवार र कुखुराजन्य वस्तुहरू मासु, दहीदूध र अण्डा उपभोग गर्न थाले । त्यसले खाद्यान्नको माग धेरै बढाएको थियो । अहिले अर्थतन्त्र बढ्दै गरेको देशहरू जस्तै ब्राजिल, रुस, भारत, चीनका तीन अर्ब जनता त्यसरीनै खाद्य श्रृँखलामा माथि चढिरहेका छन् । यो सबैभन्दा धेरै उपभोग गर्ने त चीन हो । जहाँ उसले मात्र अमेरिकाले भन्दा दोब्बर मासु उपभोग गर्छ ।

खाद्यान्नको उपभोग बढाउने अर्को तत्व गाडी हो । आज डिस्टिलरीहरू गाडी चलाउनका लागि इन्धन (ईथानोल) उत्पादन गर्छन । जुन काम खासगरी संयुक्त राज्य अमेरिकामा केन्द्रित छ । र सन् २००५ देखि सघन हुन थालेको हो ।

सन् २०११ मा संयुक्त राज्य अमेरिकाले ४ अर्ब मेट्रिक टन अन्न उत्पादन गऱ्यो जसमध्ये झण्डै एक अर्ब ३० करोड मेट्रिक टन अर्थात करिब तीन भागको एक भाग अन्न त इन्धनको लागि (इथानोल) उत्पादन गर्न उपयोग भयो । यति ठूलो गाडी उद्योगले इन्धनको लागि खाद्यान्न उपभोग गर्ने भएपछि खाद्यान्नको मूल्य पनि पेट्रोलियमसँगै जोडिन थाल्यो । यसो भएपछि खानको लागि भन्दा ईन्धनको लागि उमार्न फाइदाजनक हुने भयो यसबाट गाडी चढ्ने धनीहरू र खानको लागि सङ्घर्ष गर्ने गरीबहरू अन्नको लागि प्रतिस्पर्धा बने ।

जनसंख्या वृद्धि बढ्दो पशुजन्य उत्पादनको लागि माग र ईन्धनको लागि गरिने उपयोग र खानको लागि गरिने अन्नको उपयोगले संसारमा अन्नको उपभोग सन् १९९० देखि सन् २००५ मा प्रतिवर्ष झण्डै २ करोड मेट्रिक टन भएकोमा सन् २००५ देखि सन् २०११ का बिच बढेर साँढे ४ करोड पुग्यो ।

नयाँ चुनौतीहरू :

यसले एकातिर विश्वभरका किसानहरू थेरनै नसक्ने भ्रष्ट बनाउँदै लाने छन् । र विश्वको आधा जनसंख्या भएको १८ वटा देशहरूमा सिँचाईको स्रोतहरू सुक्दैछन् । औद्यौगिक कृषिमा अग्रता हासिल गरेका देशहरूमा निरन्तर बढिरहने धान र गहुँको उत्पादन बढ्न छाडेका छन् । विश्वको तापक्रम बढिरहेको छ र यसले दुनियाभरकै कृषिलाई डरलाग्दो धक्का दिँदैछ । पहिलो चुनौतीको कुरा गरौं भूमिगत जलको स्रोत सुक्दै गरेका देशहरूमा विश्वकै अधिकतम् अन्न उत्पादन गर्ने तीन वटा देश चीन, भारत र संयुक्त राज्य अमेरिका पर्छन । विश्व बैंकको एक तथ्याङ्क अनुसार झण्डै २ करोड मानिसहरू सुरक्षित मात्रा भन्दा बढी निकालिएको पानीले उत्पादन गरिने अन्नमा निर्भर छन् । चीनमा सवा करोडभन्दा बढी मानिसहरू यस्तै सिँचाईको बढी निकालिएको पानीले उत्पादन गरिने अन्नमा निर्भर छन् । चीनमा सवा करोड भन्दा बढी मानिसहरू यस्तौ सिँचाईको भरमा बाँचिरहेका छन् ।

अमेरिकामा खासगरी कृषि उत्पादनको अगुवा राज्य क्यालिफोर्निया र टेक्सासमा भूमिगत जल सुक्द गएको र सहरतिर पानीको माग बढेकाले सिँचाईयोग्य जमीन घटिरहेको छ । जापान जसले गएको सहस्राब्दीमै दिगो धानको निरन्तर वृद्धि हासिल गरिरहेको थियो । विसौं वर्षदेखि बढ्न छाडेको छ । जापान र दक्षिण कोरिया दुवैमा प्रति हेक्टर (२० रोपनी) ५ टनदेखि बढ्न सकेको छैन । निरन्तर धानको उत्पादन बढीरहेको चीनमा पनि जापानकै तहमा पुग्न आँटेको छ र बढ्ला जस्तो देखिदैन । गहुँ उत्पादनको स्थिति पनि यस्तै छ । युरोपका मुख्य गहुँ उत्पादनहरू फ्रान्स, जर्मनी र संयुक्त अधिराज्यमा झण्डै तीन दशकदेखिनै उत्पादन बढेको छैन । अरु औद्यौगिक कृषि भएका देशहरू पनि अधिकतम् उत्पादनको सीमामा छिट्टै पुग्नेवाला छन् ।

किसानहरू जुध्नु परेको अर्को चुनौती विश्वको बढ्दो तापक्रम थाहै छ । पेट्रोलियम पदार्थको अधिकतम् उपयोगले पृथ्वीको तापमान बढीरहेछ । पहिला पहिला कुनै वर्षको मौसममा ठूलो फरक आउँथ्यो अर्थात् धेरै गर्मी वा धेरै सुक्खा हुन्थ्यो अर्को वर्ष फेरि निमितनै हुन्थ्यो तर अब त्यस्तो हुने छाडेको छ ।

उच्च तापक्रमले उत्पाद घटाउँछन् । बाली हुर्कने बेलामा अधिकतम् तापक्रम भन्दा एक डिग्री तापक्रम बढ्दो छ भने १० प्रतिशत उत्पादन घट्छ । यसलाई सुत्रनै माने हुन्छ । अमेरिकामा लामो समयदेखि गरिएको अध्ययनले एक डिग्री तापक्रम बढ्दा मकै र भटमासको उत्पादनमा १७ प्रतिशत कमी आएको थियो भने यो एक शताब्दी भित्रनै तापक्रम सजिलै छ डिग्री बढ्ने देखिन्छ ।

हालका वर्षहरूमा जगेडा अन्न ७० दिनभन्दा केही धेरै मात्र पुग्ने जति छ । नियमित उत्पादन भइराखेको सन्दर्भमा बिसौं शताब्दीमा खाद्यान्नको सङ्कटबाट बच्न यति जगेडा हुनु पर्छ भन्ने न्यूनतम् मान्यता थियो । अब बढ्दो तापमान, खडेरी आदिले गर्दा साविक जस्तो उत्पादन हुँदैन । ठ्याक्कै कति घट्छ भन्न नसकिए पनि अन्न उत्पादन घट्ने पक्का छ र विश्वलाई यी माथिका जोखिमहरूबाट जोगाउन ११० दिनको जगेडा अन्न आवश्यक छ ।

कम खाद्यान्न : यसका परिणामहरू :

हामीले खाद्यान्नको मूल्य वृद्धिको कुरा गरेपनि खाद्यान्नको कृतिम मूल्य वृद्धि, कालोबजारी देखिन थाल्नेछ । हामीले यसको मूल कारण अर्थात उत्पादनको कमीलाई सम्बोधन नगरी

यो प्रवृतिलाई ठेगान लगाउन सकिनेवाला छैन । यी प्रवृति मानवजन्य भएपनि यसलाई कति उल्ट्याउन सकिन्छ त्यसलाई समयलेनै देखाउँला ! जति जति खाद्यान्नको आपूर्ति कठिन हुँदै जान्छ । त्यतिनै पेट्रोलको वरिपरि घुमेको विश्व भू-राजनीतिलाई खाद्यान्नको भू-राजनीतिले आफ्नेलमा पार्ने छ । यसको पहिलो सङ्केत सन् २००७ मा देखियो । जतिबेला अन्नको उत्पादन भन्दा माग बढी भयो । भटमास र अरु अन्नको मूल्य बढ्न थाल्यो र २००८ को मध्यतिर पुग्दा त दोब्बरनै भयो । प्रतिक्रियास्वरुप खाद्यान्न निर्यात गर्ने देशहरूले आन्तरिक मूल्य वृद्धि नियन्त्रण गर्न निर्यातमा कडाई गर्न थाल्यो । यसमा सबैभन्दा धेरै गहुँ निर्यात गर्ने देशहरू रुस र अर्जेन्टिना मुख्य हुन् चामल निर्यात गर्ने दोस्रो ठूलो देश भियतनामले सन् २००८ को शुरुमै निर्यात बन्द गऱ्यो । धेरथोर अन्न निर्यात् गर्ने अरु थुप्रै देशहरूले पनि निर्यात सीमित गरे ।

निर्यात सीमित भएपछि थुप्रै खाद्यान्न आयत् गर्ने देशहरू आत्तिए र खुल्ला अन्न बजारमा भरपर्न नसकिने भएपछि थुप्रै देशहरूले दिपक्षीय रुपमा दीर्घकालीन अन्न आयात् सम्झौता गरे । उदाहरणका लागि सँधै चामलको अभाव भइरहने फिलिपिन्सले भियतनामसँग तीन वर्षको लागि प्रतिवर्ष डेढ करोड टन चामल आयत् गर्ने सम्झौता गर्न खोज्यो । यमनको प्रतिनिधी मण्डल गहुँको आयत् गर्ने यस्ता मनसाय राखेर अष्ट्रेलिया गएका थिए तर आयत् गर्न सकेन बेच्नेको हातमाथि परेको बेलामा कसैले पनि दीर्घकालीन आपूर्तिको वचन दिनु नचाहनु अस्वभाविक होइन ।

आफूलाई चाहिएको अन्न नपाइने डर धनी देशहरूलाई छन् । जसमा साउदी अरब, चीन, दक्षिण कोरिया पर्दछन् । उनीहरूले आफ्नो देशमा अन्न उमार्न जमीन किन्ने वा भाडामा लिने जस्तो अप्रत्यक्षित कदम लिन थाले कि यसरी जग्गा हड्प्ने अर्थात शिकार गर्ने काम त्यस बेलादेखि बढेको बढेकै छ । धेरै जसो यस्तो जग्गा अफ्रिका महादेशमा लिएको छ । जग्गा शिकारीहरूको मूल निशानामा इथियोपिया, सुडान, दक्षिण सुडानजस्तो देशहरु परेका छन् । जहाँको ठूलो जनसङ्ख्या पहिलेदेखिनै विश्व खाद्य कार्यक्रमको खाद्यान्न अनुदानमा बाँचिरहेको छ ।

सन् २०१२ को मध्यसम्मनै संयौं हेक्टर जमीन प्राप्त गर्नुको सक्षम भईसकेका थिए वा हुने क्रममा थिए । जसको आकार दुईलाख एकडभन्दा बढी थियो सन् २०११ को विश्व बैंकको विश्लेषण अनुसार यसरी हडपिएको जमीनको आकार संयुक्त राज्य अमेरिकाको मकै र गहुँ लगाइने जमीनभन्दा ठूलो भइसकेको थियो । सरकारहरू, वहुराष्ट्रिय कम्पनीहरू र निजी लगानीकर्ताहरू सबै जमीन हडप्ने काममा भिडेका थिए । यस्तो जमीनको अधिग्रहणमा सामान्यत: पानी प्रयोगको अधिकार पनि स्वत: राख्दथ्यो । जसको मतलब जमीन त हडपियो नै जमीनमा बग्ने पानीको स्रोतमा भरपर्ने नाइल नदीको माथिल्लो जलाधारमा इथियोपिया, सुडान वा दक्षिण सुडानमा किनिएका जमीनमा सिँचाई गर्न थालिए पछि ईजिप्टमा पानीको मात्रा कम भयो । उसले गर्दा पानीको लागि तल्लो जलाधारका अरु देशहरूसँग प्रतिपर्धा गर्नु पर्ने भयो ।

जमीनको सौदा धेरै जसो गोप्य रुपमा गरिएको छ । जहाँ पहिले देखिनै किसानहरू खेती गरिरहेका छन् । खेती गरिरहने किसानहरूसँग यस्तो सौदा गर्नु अघि परामर्श गरिनु त परै जाओस् थाहा नै नदिई जमीन लिइएको थियो । यस्तो धेरै विकासोन्मुख देशहरूको किसानहरूसँग स्वामित्वको पूँजी हुने गर्दैन र उनीहरु कागजपत्रको अभावमा आफ्नो जमीन हडपिएकोमा मुद्दा हाल्न पनि सक्दैनन् ।

अभावको चक्रव्यूह :

आखिर कुरा के हो भने दुनियाँभरका अन्न उत्पादकहरूले निरन्तर बढीरहेको माग पूर्ति गर्न भ्याएका छैनन् । अन्नको भण्डार घटेको १५ वर्ष भन्दा बढी भयो तर त्यसको पुर्ताल गर्न सकिएन भने कुनै वर्ष अन्न उत्पादन ह्वात्तै घट्ने छ र भोकमरी बढ्ने छ । हामी पानी र जमीनको प्रतिपर्स्धासँगै खाद्यान्न अभावको दीर्घकालीन चक्रव्युहमा फस्दैछौं । हामी खाद्यान्नको नयाँ विश्व भू-राजनीतिमा प्रवेश गरेका छौं ।

यो पुस्तक खाद्यका लागि कृषि अभियान
अनुवाद : टीका भट्टराई
सम्पादन कृष्णप्रसाद पौडेल

विषादीको प्रयोग गर्दा ध्यानदिनु पर्ने कुराहरू

विषादीको प्रयोग गर्दा ध्यान दिनुपर्ने मुख्य कुराहरू

- सकेसम्म हरियो र नीलो लेवल भएको विषादी प्रयोग गर्नुहोस् ।
- विषादीको डब्बामा उत्पादन र एक्सपाइरी मिति हेर्नुहोस् ।
- सुरक्षित ठाउँमा विषादी राख्नुहोस् ।
- सिफारिस गरिए अनुसारको मात्रा प्रयोग गर्नुहोस्।
- विषादी छर्कने वेलामा मुखमा मास्क, हातमा पञ्जा, खुट्टामा जुत्ता र शरीरको नाङ्गो भागमा कपडाले छोप्नुहोस्।
- सकभर कडा घाम लागेको, धेरै हावा लागेको, पानी पर्ररहेको बेला विषादी नछर्नुहोस् ।
- कुनै पनि विषादी छर्दा जुन दिशाबाट हावा आएको छ त्यही दिशातिर फर्केर कहिल्यै छर्नुहुँदैन अर्थात् जुन दिशाबाट हावा वहेको छ सोही दिशातर्फ फर्केर विषादी छर्ने गर्नुहोस् ।
- कुनै पनि विषादी छर्दा विषादी छर्दै अघि बढ्नु हुँदैन अर्थात पछि सर्दै आउनु पर्दछ जसले गर्दा विषादी छरि सकेको ठाँउमा चलाउन नपरोस् ।
- कुनै पनि विषादी छरिरहँदा बिचैमा नोजल बन्द भयो भने मुखले फुकेर वा दाँतले खोल्ने गर्नुहुदैन।
- कुनै पनि विषादीको प्रयोग गरे पछि सकेसम्म पुरै शरीर नुहाउनु पर्दछ र हात खुट्टा नधोई कुनै खानेकुरा खान हुँदैन ।
- विषादी प्रयोग गरिसकेपछि खाली बट्टा वा सिसी बटुलेर खाल्डोमा पुर्नुपर्दछ र प्रयोग गरेका उपकरणहरु धोएर राख्नुहोस् ।
- विषादी छर्कदा टाउको दुख्ने वा वाक वाक लाग्ने जस्तो हुन थाल्यो भने तुरुन्त काम छोडेर खुल्ला हावामा केहीबेर बस्नुहोस् । यदि विष लागेको शंका लागेमा नजिकको अस्पताल वा स्वास्थ्य केन्द्रमा जचाउनुहोस् ।
- विषादीको किसिम हेरेर विषादी छरेको खेत जग्गाबाट ३ देखि १५ दिनसम्म कुनै पनि खानयोग्य बालीहरू उपभोग गर्न हुँदैन साथै गाईवस्तु, कुखुरा आदिलाई पनि खुवाउन हुदैन ।
- विषादी प्रयोग गर्ने उपकरणहरू (स्प्रेयर) लाई प्रयोग गरिसकेपछि राम्रोसँग पखाली भण्डारमा राख्नुहोस् ।

कृषि विकासको निमित्त सरकारी व्यवस्था :इतिहास

२००२ सालमा आएर हेटौडाको असफल बसोवास योजना फेरि चालु गर्न चाहिने प्राथमिक काम शुरु भयो । गो सन्ततिको विकासको निमित्त भारत सरकारको डेरी डेभलपमेन्ट आडभाजर श्री डाक्टर कोठावालालाई परामर्श निमित्त काठमाडौं निम्त्याइयो । यिनैको सल्लाहको आधारमा नेपालमा प्रजातन्त्र आएपछि सिन्धी जातका गाईहरू र साँढे पाकिस्तानबाट आयत् हुन आएको हो ।

परिच्छेद-११

कृषि उन्नति तर्फ यो कदम तात्कालीन सरकारले १९८३-८४ मा उठायो र सप्तरीमा चन्द्र नहर तथा कृषि औजारहरूको सिजना हुन आयो । चन्द्र शम्शेरको मृत्युपछि यस डिपार्टमेन्टमा शिथिलता आयो र हेटौंडा बसोवास योजना स्थगित गरी मोरङ्ग झोराको १२,००० बिगाहामा यस्तै योजना चालु गर्ने योजना सञ्चालन भयो ।

जुद्ध शम्शेरको शासनकाल शुरु भएपछि देशमा आर्थिक मन्दी (Slum) आयो । खास गरी तराईका किसानलाई साह्रै मर्का पर्न आयो । धान खेतीमा मात्र लाकेका किसानहरूलाई अरु नगदी बाली समेतको खेती गराई कृषिलाई एउटा नयाँ मोड दिने प्रयत्नमा सरकारको ध्यान आकर्षित हुन गयो । यसको निमित्त तालिम पाएका प्राविधिकहरूको आवश्यकता भएकाले शिक्षा विभाग अन्तर्गत टेक्निकल स्कुलका शाखाको रुपमा कृषि विज्ञानको तालिम शुरु भयो । छाउनीमा एक सानु अनुसन्धान क्षेत्र, बालाजूमा एक कृषि नर्सरी, गोदावरी दरवारको पछाडि एक बगैंचा र टेक्निकल स्कुलको प्रयोगशाला समेत कायम हुन आयो । काठमाडौं उपत्यका वरिपरिका नाँगा डाँडाहरूमा रुखहरू लगाइए, जसको हरियाली अद्यावधि छ । काठमाडौं वरपर नाङ्गा डाँडाहरूमा रुखहरू लगाइए जसको हरियाली अद्यावधि काठमाडौं वरपर क्राँकाबारी, लप्से डाँडा, कमान, जगडोल, साइले खोला, पाँचमाने इत्यादिमा हामी देख्न पाउँछौं । यसै समयमा काश्मिरी स्याउ, जापानी चेरी, चिनियाँ हलुवाबेद, चिली, वाशिगटन नेभल अरेञ्ज इत्यादि उच्चस्तरका फलफूलहरू यसै समयमा सफलतापूर्वक फल्न सक्छन् भन्ने सफल अन्वेषण पनि भयो । पशु चिकित्साको निमित्त १९९४ मा होमियो । पद्धतिद्वारा पशुपन्छीको औषधी उपचार गर्ने व्यवस्था पनि गरियो । यसरी फाटपुटे कामलाई एकत्रित गरी बढी विकास ल्याउनको निमित्त 'खेतीलाई चाहिने बाँध, पैन, पशु चिकित्सा इत्यादिको वन्दोवस्त र उन्नत नयाँ-नयाँ बीउहरूको उपयोगद्धारा देशको खेतीलाई फाइदा पुऱ्याउने पर्ती भै मालपोत नउठेको मौजाहरू समेतको वन्दोवस्त गर्ने उद्देश्यले १९९४ सालमा नै काठमाडौमा रहेको गण्यमान्य शिक्षित र अनुभवी भाई-भारदार सदस्य भएको एक कृषि परिषद् श्री केशर शम्शेर जबरा (हाल हिज हाइनेस मर्हुम को अध्यक्षतामा खडा भएको यो परिषद् खडा भएपनि कृषि उन्नतिको निमित्त फाटफुटे काम नगरी देशव्यापी समस्याको आधारमा कृषि विकास योजना तयार गर्ने ध्येले पहाड, तराई सबै ठाउँमा फारमहरू खोल्ने, पशु चिकित्सालयहरू राख्ने निकासा भयो । कृषि परिषद् मातहत नहरको काम गर्न नहर फाँटको सिर्जना भयो । कृषि विकायको निमित्त अरु विभाग मातहत भइरहेको कार्य पनि यही परिषद् मातहत हुन आयो । बुटवल, विराटनगर जिल्लाहरू र पश्चिम १,२ र ३ नं.का ईलाका कृषि सर्वेक्षण र वाण गङ्गा इत्यादिको पनि नहरको निमित्त सर्वेक्षण पूर्ण भयो । कृषि विकासको निमित्त अति आवश्यक सर्भेहरू अति सुयोग्य व्यक्तिहरूद्धारा गराइए तापनि कृषि उन्नति परिषद् अन्तर्गतका सरकारी फारमहरू त्यसमा पनि खास गरी काठमाडौं उपत्यका भित्र रहेकामा मात्रै सीमित रहन आयो ।

१९९९ सालमा आएर कृषि परिषद् नयाँ-नयाँ कामहरू हुन थाले । बालाज्यु, गोदावरीका बगैंचाहरूमा नेपाली तथा विदेशी विशषाज्ञहरूको रेखदेखमा फलहरूको हजारौं कलमी र तरकारीहरूको बीच सफलता पूर्वक निकालिन थालिए । २०००/९/१५ का दिन चितलाङ्ग तथा ककनीमा भेंडा गोठ राख्ने स्विकृति पनि प्राप्त भयो नहर निर्माणको निमित्त मालपोतको २ प्रतिशत छुट्याई दिने भन्ने सरकारी नीति अपनाइयो र जुद्ध नहर लगायत अरु १/२ सिँचाई योजनाहरू प्रारम्भ गरिए ।

पूर्व वैज्ञानिक पेले अन्वेषण तथा अनुसन्धानको दरिलो जगमा कृषिलाई खडा गरी कृषि प्रसार तथा प्रचारद्धारा देशलाई उत्तरोत्तर वृद्धि गर्दै लग्नु पर्दछ भन्ने सिद्धान्तलाई अपनाएर कृषि व्यवस्थालाई आधुनिक रुप दिन कस्तो किसिमको कृषि परिषद् हुनु पर्दछ र कसरी कार्य सम्पादन गर्ने हो भन्ने कुराको चर्चा करीब-करीब यसै समयदेखि चल्न थाल्यो । २००४ सालमा परवानीपुरमा सेन्ट्रल एक्सपेरिमेन्टल एण्ड रिसर्च फारम हालको नाउँ परवानीपर एगृ स्टेशन) खडा भए पछि यस व्यवस्थाको जन्म भएको मान्नु पर्दछ । २००२ सालमा आएर हेटौडाको असफल बसोवास योजना फेरि चालु गर्न चाहिने प्राथमिक काम शुरु भयो । गो सन्ततिको विकासको निमित्त भारत सरकारको डेरी डेभलपमेन्ट आडभाजर श्री डाक्टर कोठावालालाई परामर्श निमित्त काठमाडौं निम्त्याइयो । यिनैको सल्लाहको आधारमा नेपालमा प्रजातन्त्र आएपछि सिन्धी जातका गाईहरू र साँढे पाकिस्तानबाट आयत् हुन आएको हो । बागवानी विकास, मत्स्या विकास तथा पशु विकासको निमित्त भिन्दा-भिन्दै भारतीय विशेषाज्ञहरूको नियुक्त भयो । दुग्ध व्यवसायलाई लिएर छिटो नतिजा दिने योजना बनाउन काठमाडौं उपत्यका र वरपर समेत दूधको सर्भे भयो । यसै आधारमा हालसाले टुसालमा, टुसाल दुग्ध संकलन कारखाना र लैनचौरको दूध कारखाना खडा हुन आयो । सिँचाईको व्यवस्था देशव्यापी गराउन र पश्चिमका टारहरूको सिँचाई गर्न सर्वेक्षण भयो । यसरी १९९९ साल देखि २००७ सालसम्ममा कृषि व्यवस्था राम्रो गर्न चाहिने

पछि चक्का विकास हुन्छ । त्यस्तो थोप्लाहरू डाँठ र कोसामा समेत देखा पर्छन् ।

-रोगी पात र अन्य झारपात बटुलेर जलाउने ।- स्वस्थ बीउ प्रयोग गर्ने । -Mancozeb 75%WP (डाइथेनएम)४५, Anu M-45) ढुसीनाशक विषादी ३ ग्राम प्रति किलो बीउका दरले बीउ उपचार गर्ने । वा Copperoxycloride 50% WP-Blitox, Curex) ढुसीनाशक विषादी २-३ ग्राम प्रति लिटर छर्ने ।

२. डाँठ कुहिने रोग (Selerotinia Rot)

माटोको सतहनिरको काउलीको डाँठ कुहिन्छ र सेतो ढुसी उम्रेको देखिन्छ । वा फूल फुलेको बेलामा बोट ओइलाउँछ । बोटको डुकुको रङ्ग सेतो फुस्रो हुनुका साथै डाँठभित्र काला गिर्खाहरू देखिन्छ ।

-रोग मुक्त क्षेत्रको बीउ प्रयोग गर्ने । -रोगी बोटहरूको डाँठ बटुलेर जलाउने । -तीन महिनादेखि एक महिनासम्म रोग ग्रस्त खेतमा बाली लगाउनु अगाडि पानी जमाउने । -धानसँग घुम्ति बाली लगाउने । -जमीन तयार गर्दा गहिरो खनजोत गर्ने ।

३. नसा कालो भई कुहिने (Black rot)

पातको छेउबाट लक्षण शुरु भई अंग्रेजी भी (V) आकारको पहेँलो लक्षण देखा पर्दछ र पछि नसाहरु कालो भै डाँठसम्म पुगी बोट कुहिन्छ । -रोग नलागेको क्षेत्रको स्वास्थ बीउ मात्र प्रयोग गर्ने । -रोगी बोट बिरुवा हटाई नष्ट गर्ने । -कुफ्रिफेरी परिवार बाहेक अन्य बालीसँग घुम्ति बाली लगाउने ।

४. डाउनी मिल्ड्यू (Downy mildew)

पातमा स-साना प्याजी रङ्का थोप्लाहरू देखिई तल्लो सतहमा सेतो ढुसी उम्रेको देखिन्छ । रोग ज्यादा व्याडमा लाग्ने भएता पनि अनुकूल वातावरणमा काउली समेत कालो भई सुक्दछ । त्यस्तो फलको डाँठहरू समेत कालो हुन्छ ।

-घुम्ती बाली लगाउने (३ वर्षमा मात्रै फूलकोवी वर्गका तरकारी लगाउने) -रोगी बोट जलाई दिने वा गाडी दिने ।-कार्वेण्डाजिम २ ग्राम प्रति लिटर पानीमा मिसाई छर्नें ।-यो रोग कम पि एच भएको (अम्लिय) माटोमा धेरै छिटो फैलने भएकाले चून प्रयोग गरी माटोको पि.एच ७.२ भन्दा बढी बनाउने । -जीवाणु रहित नर्सरीमा बेर्ना हुर्काउने । -रोग लागेको ठाउँको बेर्ना अन्य ठाउँमा लैजाने । (Flusulphide-WP) नेभिजिन १०-१५ केजी/रोपनी वा ३ रोपनी वा ३ ग्राम प्रति बोट । नर्सरी व्याडमा ३ केजी प्रति १० घनमीटर ।

विना अध्ययन रसायनिक मल कारखाना खोल्ने निर्णयको भत्सर्ना

काठमाडौं कार्तिक २७ खाद्यका लागि कृषि अभियानका संयोजक उद्धव अधिकारीले रसायनिक मल कारखाना खोल्न गरिएको निर्णय प्रति प्रेस विज्ञाप्ति जारी गरी भत्सर्ना गरिएको छ ।

विज्ञाप्तिमा भनिएको छ । कारखाना खोल्ने हजुवा निर्णयको भत्सर्ना गर्दछौं ।

पत्रकार साथीहरू

मिति २०७७ साल कार्तिक २५ गते बसेको मन्त्रिपरिषदको बैठकले कृषि रसायनिक मल कारखाना खोल्न आवश्यक तयारी गर्न तीनजना मन्त्रीलाई जिम्मेवारी दिन निर्णय गरेको समाचार पढेर अचम्ममा परेका छौं । रसायनिक मलको खारखाना खोल्ने जस्ता संवेदनशील कुरा आवश्यक अध्ययन विना नै गर्न नहुने विषय हो । संसारभरि नै यस्ता कृत्रिम रसायन र विषादिको उत्पादन र वितरणका कारण उब्जाउ माटो-पानीका स्रोतहरू पर्यावरणमा भएका मित्र जीवहरूको प्रत्यक्ष परोक्ष रुपमा दीर्घकालीन नकरात्मक असरहरू पुऱ्याउने हो । यहाँहरूलाई थाहा नै छ । फलस्वरुप वातावरणीय प्रतिकूलता उत्पन्न भई जलवायू परिवर्तनको मार समेत तीनै साना सीमान्त किसानहरूले बेहोर्नु परिरहेको कुरा पनि जगजाहेर नै छ । व्यापारिक खेतीपातीको नाममा प्रयोग भएका नपुंसक बीऊ रसायनिक मल र सँग-सँगै आउने विषादीको दुष्प्रभावबाट जनस्वास्थ्य स्थानीय अर्थतन्त्र, रोजगारी, आम्दानी जस्ता जीवनको आधारभूत पक्षमा सिर्जित व्यापक नकारात्मक प्रभाव परिरहेकाले छिमेकी सहित कति देशहरूले यसमा नियन्त्रण गर्न थालेको कुरा चर्चामा आइरहेकै छ । यस्तो प्राकृतिक पर्यावरण जस्ता प्राणी सभ्यताका धरोहरहरुमा नकारात्मक पभाव पार्दै कृत्रिम रसायनहरूलाई घटाउँदै आत्मनिर्भर दिगो र पर्यावरणीयमैत्री खेतीपातीको सोँच बनाउन विश्वमा पहल भईरहेको सन्दर्भमा यसको आर्थिक पाटो समेत ख्याल नगरी नेपाल सरकारले गरेको यस्तो हचुवा निर्णयको हामी भत्सर्ना गर्दछौं ।

संयोग होस् वा नियोजित, यसमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयको संलग्नता नदेखिनु पनि अनौंठो विषय हो । नेपालको स्थापित कृषि पद्धति, संयुक्त राष्ट्र संघले लिएको दिगो विकास लक्ष्य, संविधानको मर्म खाद्य सम्प्रभुत्ता ऐन र सत्तासिन दलकै घोषणापत्रको समेत विपरित लिएको यो कदम आफैमा खेदजनक छ । वर्तमान विश्व वातावरणीय चेतनाको प्रभाव विपरित यसको लागि वैदेशिक अनुदान वा ऋण नै प्राप्त गर्ने सम्भावना पनि कम छ जैविक मल एवम् जैविक विषादी र त्यसको आधार दरिलो पार्ने विषयमा सक्ने लगानी गर्न पनि हिचकिचाउने तर देशले थाम्ने हम्मे-हम्मे पर्ने रसायनिक मल कारखाना खोल्ने विचार गर्नु विडम्वनापूर्ण छ । हामी सरकारलाई यो निर्णय फिर्ता लिन आग्रह गर्दै दिगोपनामा आधारित आत्मनिर्भरमुखी खेतीपाती प्रणालीलाई उन्नत बनाउँदै नागरिकको स्वास्थ्यवर्द्धक खानकुरा खान पाउने अधिकार सुरक्षित गर्न लिनुपर्ने दीर्घकालीन सोँच र देशलाई जैविक बनाउने संक्रमणकालीन कार्यक्रम सबै तह र क्षेत्रमा संवाद र वहस गर्न समेत हामी सबै सरोकारवालाहरूसँग अपिल गर्न चाहान्छौं । विज्ञाप्तिमा भनिएको छ ।

उखु किसान भुक्तानीका लागि आन्दोलन

काठमाडौं कात्तिक २४ एफएनसिसिआई नेतृत्वलाई कृषि उद्यमीको सुझाव : आत्मनिर्भर कृषि रणनीति बनाउनेलाई सहयोग, कृषि क्षेत्रमा सक्रिय रहेका व्यवसायीहरूले नेपालको कृषिलाई आत्मनिर्भर बनाउने गरी आगामी दिनमा रणनीतिहरू ल्याउन नेतृत्वलाई सुझाव दिएका छन् । आयोजित कार्यक्रममा कृषि क्षेत्रमा रहेका चुनौती र अवसरहरू विषयक छलफलमा आगामी नेपाल उद्योग वाणिज्य महासंघ (एफएनसिसिआई)को निर्वाचनमा वस्तुगत उपाध्यक्ष तथा सदस्यमा प्रतिस्पर्धा गरिरहेका उम्मेदवारहरूसँगको छलफलका क्रममा कृषि उद्यमीहरूले आत्मनिर्भर कृषि रणनीति बनाउने गरी काम गर्न जोड दिएका हुन् । कार्यक्रममा बोल्दै नेपाल उद्योग वाणिज्य महासंघमा वस्तुगत तर्फका उम्मेदवार तथा उद्यमी अन्जन श्रेष्ठले आगामी दिनमा आत्मनिर्भर हुने किसिमले महासंघले काम गर्ने र त्यसको लागि पूर्ण सहयोग गर्ने प्रतिवद्धता जाहेर गरे । श्रेष्ठले अहिले कृषि प्रधान देश भनिएपनि अधिकांश कृषि उपज आयात् गर्नुपर्ने अवस्था रहेको भन्दै आफू निर्वाचित भएपछि कृषिलाई प्राथमिकतामा राखेर आत्मनिर्भर बनाउँदै निर्यातमुखी बनाउने योजना रहेको बताए । श्रेष्ठले 'अहिले कृषि क्षेत्रमा उत्पादन देखि बजारसम्ममा समस्या र अवरोधहरू देखिएको छ, अझ पूर्वाधारको अभावले गर्दा चाहे अनुसारको उत्पादन समेत गर्न सकिएको छैन्,' उद्यमी श्रेष्ठले सरकारले कृषि उत्पादनका लागि आवश्यक पर्ने उपकरण र प्रविधिमा सरकारको सहयोग आवश्यक रहेको भन्दै त्यसमा आफूले सक्दो पहल गर्ने बताए । कार्यक्रममा महासंघका वरिष्ठ उपाध्यक्ष शेखर गोल्छाले अहिलेसम्म कुनैपनि नेपाली किसान कृषिकर्मबाट धनी हुन नसकेको भन्दै आगामी दिनमा कृषिको उत्पादकत्व बढाउन ध्यान दिनुपर्ने जोड दिए । 'कृषिको उत्पादकत्व कम छ र नाफा कम हुँदा किसान धनी हुन सकेका छैनन् । त्यसैले उत्पादकत्व बढाउनुको विकल्प छैन् । उत्पादकत्व बढाउन हाम्रो भौगोलिक र जैविक विविधतालाई वृहत उपयोग गरौं,' वरिष्ठ उपाध्यक्ष गोल्छाले भने । त्यसैगरि आउँदो निर्वाचनमा वरिष्ठ उपाध्यक्षका प्रत्यासी किशोर प्रधानले कृषिमा कन्ट्र्याक्ट फार्मिङ्ग र भूमि बैंकको अवधारणलाई अगाडि बढाउन आफू पहिलेदेखि नै सक्रिय रहेको जानकारी दिँदै कृषिमा आगामी ४ वर्षमा आत्मनिर्भर बनाउन र परिणाममुखी बनाउन रणनीति नै तयार पार्न लागेको बताए । नेपाल विउ बिजन संघका निवर्तमान अध्यक्ष मित्र पौडेलले कृषिमा निजी क्षेत्रको मात्र सक्रियता रहेको भन्दै सरकार सँधै पन्छिने गरेको गुनासो गरे । उनले सरकारले कृषि उद्यम र अनुसन्धानलाई जोड्ने प्रयास मात्रै गर्दापनि उपयोग भए भनेर हेरिनुपर्ने बताए । अध्यक्ष घिमिरेले अझैपनि राजनीतिक र प्राविधिक चुनौती कृषि क्षेत्रको लागि रहेको भन्दै कृषि रणनीतिले कृषिको विकास गर्ने किसिमले महासंघको नेतृत्व अगाडि जानुपर्नेमा जोड दिए । नेपाल दाना उद्योग संघका अध्यक्ष रविन पुरीले दानामा आत्मनिर्भर भएको भनिएपनि अझै कच्चा पदार्थहरु पूर्णरुपमा आयातमा निर्भर रहेको बताए । पुरीले मकै र भटमास मात्रै पनि यहीँ उत्पादन गर्न सकिने देशले ३२ अर्ब भन्दा बढि बचत गर्ने र रोजगारी सिर्जना गर्न सकिने सुझाव दिए । नेपाल फ्लोरिकल्चर एसोशिएसनका अध्यक्ष कुमार कसजुले नेपाली पुष्प उत्पादन प्रयोगमा आफूहरूले सँधै सक्रियरुपमा आवाज उठाईरहेको बताए । कसजुले कोभिडले असर पारेको कृषि क्षेत्रलाई अगाडि बढाउनेगरि महासंघको नेतृत्व जानुपर्ने भन्दै अहिलेसम्म कसैले नबोलेकोमा दुख: व्यक्त गरे । कार्यक्रममा नेपाल पश्मिना उद्योग संघका अध्यक्ष दुर्गा बहादुर थापाले नेपालको कृषि नीतिहरू सही भएपनि कार्यान्वयनको अवस्था निकै कमजोर भएको बताए । सरकारले उत्पादकत्व बढाउन र सहजिकरणका लागि भूमिका खेल्नुपर्ने भन्दै त्यसको लागि महासंघले पहल गर्नुपर्ने बताए । कार्यक्रममा अन्य उद्यमी व्यवसायीहरूले समेत कृषिको विकास र उत्पादनलाई जोड दिनका लागि आगामी ससक्त नेतृत्वको खाँचो रहेको भन्दै त्यसका लागि आफूहरूले सक्दो प्रयास र सहयोग गर्ने बताएका थिए ।

आयोजित कार्यक्रममा कृषि क्षेत्रमा रहेका चुनौती र अवसरहरू विषयक छलफलमा आगामी नेपाल उद्योग वाणिज्य महासंघ (एफएनसिसिआई)को निर्वाचनमा वस्तुगत उपाध्यक्ष तथा सदस्यमा प्रतिस्पर्धा गरिरहेका उम्मेदवारहरूसँगको छलफलका क्रममा कृषि उद्यमीहरूले आत्मनिर्भर कृषि रणनीति बनाउने गरी काम गर्न जोड दिएका हुन् ।

बाली रोगको वर्गीकरण, पहिचान र व्यवस्थापन

✍रितु रुपाखेती

परिचय :

कुनै पनि बाली बिरुवाको वृद्धि र विकासमा देखिने सामान्य अवस्थालाई सामान्यत हामी रोग लागेको भन्ने गर्छौं अर्थात कुनै पनि जीवाणुको आक्रमण वा प्रतिकूल वातावरणको कारण बिरुवाको खाद्य निर्माण र उपयोग, खनिज तत्व र पानीको उपयोग तथा अन्य प्रणालीमा अवरोध हुने गरि एउटै जातको स्वस्थ बोटको दाँजोमा कुनै अर्को बोटको आकार प्रकारमा फरक पर्नुका साथै त्यसको उत्पादनमा कमी आएमा त्यस्तो बोटलाई रोगी बोट अर्थात बिरुवामा रोग लागेको भनिन्छ ।

रोग (Disease)

कुनै पनि बिरुवामा रोग लाग्नलाई मुख्यगरी तीन चिजको भूमिका रहेको हुन्छ । ती हुन: -रोग अनुकुल वातावरण Coductive Environment रोग त्रिकोण (disease Triangle) रोग

-रोग लाग्ने जातको बाली वातावरण Susceptible Host

-सशक्त जिवाणुको उपस्थिति Virulent Pathogen र

रोग अनुकुल वातावरण Conducive Environment रोग त्रिकोण (Disease Triangle) रोग लाग्ने जात बाली

सशक्त जिवाणुको उपस्थिति, समय, रोग अनुकुल वातावरण, बालीमा रोग लाग्ने कारणहरू

बाली रोगको कारणहरूमा मुख्य गरी दुई कारणले गर्दा रोग लाग्दछ ।

१. जैविक र

२. अजैविक :

(Bactoria), विषाणु (Virus), माइक्रोप्लाज्मा (Mycroplasma), जुका (Nematode) र पराश्रयी बिरुवा Phaneogarmic parasite) पर्दछन् । अजैविक अर्थात निर्जीव प्रतिकुल वातावरणमा खासगरी खाद्यतत्व, पानी, तापक्रम, आद्रता, वर्षा वा माटोको चिस्यान कम वा बढी, क्षारिय वा अम्लीयपन Soil pH को मापन आदि पर्दछ ।

यस प्रकारको समस्याको पहिचान खासगरी समस्याको शुरु अवस्थामै हुनु पर्दछ र ढिलो हुँदै गएमा समस्याको कारण छुट्याउन गाह्रो पर्न जान्छ । गत हप्तामा २ देखि ३ पटक बालीको अवलोकन गर्न जरुरी छ ।

यदि बारीमा अवलोकन गर्दा केही बोटहरूमा मात्र रोग फाटफुट रुपमा सीमित छ भने त्यो जिवाणु जडित रोग हुनसक्छ । यदि धेरै बोटहरूमा ओगटेको छ । भने खासगरि माटो र पानीको कारणले हुनसक्छ । यदि एकै रातमा पूरै सो बारीको पाटोहरूमा समस्या देखा पर्दछ त्यो मौसम खासगरी तुषारो असिनाको कारण पनि हुनसक्छ । अन्ततः रोग ग्रस्त बिरुवाको अवलोकन गर्दा लागेको लक्षणहरू बिरुवाको नयाँ भागमा पनि सर्दछ भने यो

जीवाणु जडित रोग हो भनि बुझ्नु आवश्यक छ ।

बाली रोगको असर कसरी देखा पर्छ ?

खासगरी रोग लाग्दा बाली सामान्य रुप भन्दा फरक देखिन्छ । जस्तैः बाली बिरुवा पुड्को हुने, उमार शक्तिमा कमी आउने, एकनाशको नहुने, फल दानाको गुण (Quality) र परिमाण (Quantity) मा आउने, सुन्दरता कमी र फुस्रो देखिने, ओइलाउने अन्त्यमा आयमा समेत कमी आउनेसम्म हुन्छ ।

बाली बिरुवामा लाग्ने रोगले निम्नानुसारको हानी नोक्सानी पुऱ्याउँछ । बिरुवालाई कमजोर बनाई उत्पादनमा ह्रास ल्याउँछ । उत्पादनको गुणस्तर घटाउँछ । लागत बढाउँछ । उपत्पादनको गुणस्तर घटाउँछ । लागत बढाउँछ । उत्पादन कर भित्र्याई सकेको बालीमा पनि नोक्सान पुऱ्याउन बाँकी राख्दैन अतः हामीले सक्दो छिटो समयमानै बाली रोगको निदान गर्न आवश्यक छ ।

रोगको पहिचान कसरी गर्ने ?

कुनै पनि बालीहरूमा रोगको चिन्ह र लक्षणहरूको सही पहिचानको लागि सबै भन्दा पहिला रोग सम्बन्धी अध्ययन हुन जरुरी छ । त्यसपछि मात्र सही पहिचान हुन सक्छ । जस्तैः चिन्हमा: कुनै पनि बाली बिरुवाको भागमा अप्रत्यसित रुपमा हुने परिवर्तन हुन सक्छ भने ।

लक्षणमा : बिरुवाको रोगको लक्षण बाहिरी वा भित्री भागमा हुनसक्छ । त्यसमा पनि कुनै विशेष (Typical लक्षण छ भने त्यो कुने चाहीं रोग हो भनि सजिलोसँग पहिचान गर्न सकिन्छ ।

साधारण लक्षणहरूमा : बोटबिरुवाहरूमा रोग कसरी कहिलेबाट देखिएको, कुन खालको माटो, तापक्रम, कुन किसिमको बाली लगाइएको छ भनेर थाहा हुन आवश्यक छ । रोगहरूको सही पहिचानको लागि आवश्यकता अनुसार किताबहरू, (Factsheet, Internet आदिको सहयोग लिन पनि सकिन्छ । बिरुवामा रोग कसरी फैलिरहेको छ भन्ने कारण पनि पत्ता लगाउनु पर्छ ।

फिल्डको पहिचान गरेर :

साधारणतया बिरुवाको रोग लागेको वा नलागेको पत्ता लगाउन फिल्डमा रोगको लक्षणहरू कसरी फैलिरहेकोछ भनेर थाहा पाउने अत्यन्तै जरुरी छ ।

त्यसैले सबै भन्दा पहिले

-रोगका लक्षणहरू कसरी फैलिएका छन् भनेर प्रष्ट हुनु पर्छ ।

-कुनै समयमा रोगका लक्षणहरू देखिएका छन् भने लक्षणहरूको प्रगति छिटोछिटो भइरहेको छ भने लक्षणहरू भनेर थाहा पाउनु पर्छ ।

कुनै समयमा रोगका लक्षणहरू देखिएका छन् भने लक्षणहरूको प्रगति छिटोछिटो भईरहेको छ/छैन भनेर थाहा पाउनु पर्छ ।

-कुनै जिवाणु, शाकाणु वा विजाणुको उपस्थित छ/छैन भनेर थाहा पाउनु पर्छ ।

रोग परिक्षणको लागि नमूना संकलन गर्ने तरिका :

सकेसम्म ताजा तरकरीको नमूना संकलन गर्न जरुरी छ । नमूना संकलन गर्दा विशेषत यी कुराहरूमा ध्यान दिनुपर्छ । जस्तै नमूना संकलन गर्दा बालीको कुन भाग लिने र कति मात्रामा लिने भन्ने नमूना संकलन गर्दा

हरियो सागपातमा लाग्ने रोग किराहरू

हरियो सागपात :

फुलकोवी समूह-फूलकोवी, बन्दाकोवी, ब्रोकाउली, मुला, रायो, सलगम, ग्याँठकोवी आदि बालीलाई क्षति पुऱ्याउने प्रमुख कीराहरू :

कीराको नाम पहिचान क्षतिको पहिचान व्यवस्थापन

१. बन्दाको पुतली Cabbage butterfly

वयस्क पुतलीको पखेंटाको रङ्ग सेतो र अघिल्ला पखेंटाको करीब अग्र भागमा काला धब्बाहरू हुन्छन् । कुनै पुतलीका लार्भाहरूको शरीरमा पहेँलो धर्साहरू हुन्छन् भने कुनै पुतलीका लार्भाहरू हरिया हुन्छन् ।

पातमा प्यालै प्याल भेटिन्छन , प्रकोप बढी भएको खण्डमा सम्पूर्ण पातहरू खाइदिन्छन् । -कीका पहेँला फूल र लार्भेहरूलाई जम्मा गरी नष्ट गर्ने । -पुतलीहरूलाई हाते जालीले पक्रेर नष्ट गर्ने । -कीराको प्रकोप बढी भएमा साइपरमेथ्रिन १० ५EC १ मिलि अथवा मालाथायन ५०% ईसी २.२ मिलि प्रति लिटर वा इमामेक्टिन बेन्जाइड ५०% SG १.५ मिलि प्रति लिटर पानीमा बनाएको झोल छर्ने ।

२. इटबुट्टे पुतली (Diamond Back Moth)

वयस्क पुतली खैरो रङ्गको हुन्छ । पखेटाको भित्री किनारामा सेतो चिन्हहरू हुन्छन् । पुतली बसेको बेला उक्त चिन्हहरू मिलेर इटको आकार बन्दछ । पातको हरियो भाग खाइदिनाले पातहरू हरियो झिल्ली जस्तो बन्दछन् । प्रकोप बढी भएमा बिरुवाको सम्पूर्ण पातहरू नष्ट भई बढ्न सक्दैनन । -तरकारी लिइसके पछि बाँकी बोट र पातलाई नष्ट गर्ने -फलुकोवी समूहका बाली र गोलभेंडासँगै लगाउने । -प्राकृतिक शत्रुहरू जस्तै कोटेसिया प्लुटेली, एपान्टेलिस प्लटेली, कमिला, माकुरा, चरा आदिको संरक्षण गर्ने -यसको आकर्षण ल्यूरको प्रयोग गर्ने । -लार्भा साना हुँदा BT को प्रयोग गर्ने ।-एजाडिराविध्रन ०.०३ ५ EC-जस्तै मल्टिनीयम, निम्बिसिडिन ५ मिलि प्रतिलिटर पानीमा राखेर छर्ने । -Beauveria bassiana जैविक विषादी २.५ मिलि प्रति लिटर पानीमाका दरले साँझ पख छर्ने । -इमामेक्टीन बेन्जाइट ५%SG-जस्तै किड्स्टार, एनस्टार) ०.५ ग्राम प्रतिलिटर पानीमा मिसाएर छर्ने ।,

३. सूर्तिको पात खाने लार्भे (Tobacco caterpillar) वयस्क पुतली खैरो रङ्को हुन्छ र यसका पखेटामा वाङ्गा टिङ्गा धर्साहरू हुन्छन् । लार्भेहरू प्रायःगरी हरियो खैरो रङ्गका हुन्छन् ।

शुरुको आक्रमणमा पातहरूमा प्यालै प्याल देखिन्छन् । प्रकोप बढी हुँदा सम्पूर्ण पात खाई बिरुवा पात विहिन बन्दछ । -फुल र लार्भेहरू जम्मा गरी नष्ट गर्ने -खेतबारीमा पानी पटाउने । -माथि इटबुटे पुतलीको व्यवस्थापन गर्न बताइएका निमजन्य विषादी प्रयोग गर्ने । -अडीरलाई पासो बालीको रुपमा लगाउन सकिन्छ । -स्पोडो ल्यूर वा स्पोडो एन.पिभिको प्रयोग गर्ने -गोलभेंडामा बताए जस्तै गर्ने ।

४. उफ्रने खपटे (Flee beetle) वयस्क कालो उपियाँ जस्तो फड्कने खपटे हुन्छ । पतहरू मसिना प्वालैप्वला हुन्छन् ।

माथि सूर्तिको पात खाने लार्भेलाई बताइएको निमजन्य पदार्थ र विषादी प्रयोग गर्ने ।

५. माटो मुनी बसी क्षति गर्ने कीराहरू खुम्रे, फेद काट्ने कीरा, रातो कमिला, कीर्थो) (Soil Insect) खुम्रे : वयस्क खैरो तथा कालो हुन्छ । र लार्भे हँसिया आकारको हुन्छ । फेद काट्ने: ध्वाँसे पुतली, लार्भा चिल्लो कालो -रातो कमिला : जरा वरिपरी मसिना खैरा राता कीराको समूह बिरुवा ओइलाउने र मर्ने । बिरुवा ढल्छ, बिरुवा ओइलाउँछ र मर्छ । -काँचो गोवर प्रयोग नगर्ने । -पानी पटाउने । -झारपातको पासो राखी कीरा जम्मा हुने पासो बनाउने । -गहुँतको झोल बनाई माटो भिजाउने । -सालिन्दा आक्रमण हुने खेतमा रोपाई गर्नु अगावै क्लोरपाइरीफस १०% GR (जस्तै देवीवान १०% GR) वा मालाथिएन ५% DP मालाथिएन ५% धुलो ०.१ के.जी प्रति रोपनीका दरले माटोको उपचार गर्ने वा क्लोपाइरिफस् २० इसी (जस्तै डर्सवान , फाइनवान् रसवान) नामक कीटनासक विषादी १ मिलि प्रतिलिटर पानीका दरले खेतमा छर्ने ।

६. लाही पखेता भएका र नभएका मसिना हरिया रङ्गका हुन्छन् । लाखौं संख्यामा देखिन्छन् । -बिरुवा रोगाउने ।-लाहीले आक्रमण गरेको देखिने । -अन्य कमिला हिडेको देखिने । -सूर्तीको झोल बनाई छर्ने । -गाई वस्तुको मुत्र र पानी (१.४) को अनुपातमा मिसाई २-३ दिन फरकमा पटक-पटक छर्ने । -गोलभेडामा बताए जस्तै गर्ने विषादी छर्ने ।

१७.१.५ फूलगोवी समूह बालीका रोगहरू

रोगको नाम

लक्षण

व्यवस्थापन विधि :

१.अल्टरनेरिया थोप्ले (Alternaria Leaf Spot)

खैरो वा कालो स-साना गोलाकार थोप्लाहरू पहिले पातमा देखा पर्दछन् । ती थोप्लामा

बासमती धानमा भौगोलिक दावी

बासमती धानको भौगोलिक हकमा नेपालले दावी-विरोध गर्ने भएको छ ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र कृषि तथा पशुपन्क्षी विकास मन्त्रालयका सचिव र सरोकारवाला निकायका पदाधिकारीहरूको बैठकले उक्त निर्णय गरेको कृषि तथा पशुपन्क्षी विकास मन्त्रालयका प्रवक्ता हरिबहादुर केसीद्वारा जारी विज्ञाप्तिमा जनाएको छ । बासमती धान परापूर्व कालदेखि नेपालको विभिन्न भौगोलिक क्षेत्रमा उत्पादन हुने र विदेशमा समेत निर्यात हुने

भएकाले बासमतीमा नेपालको हक स्थापित हुनुपर्ने भन्दै नेपालले दावी-विरोध गर्न लागेको हो ।

"नेपाल कृषि अनुसन्धान परिषद् अन्तर्गत राष्ट्रिय कृषि आनुवंशिक स्रोत केन्द्रले तोकिएको म्यादभित्र दावी-विरोध गर्ने निर्णय गरेको छ," मन्त्रालयले जारी गरेको विज्ञाप्तिमा उल्लेख छ ।

२५ गते बुधबार बेलुकी भित्रसम्म दावी-विरोध पेश गर्ने तयारी गरेको नेपाल कृषि अनुसन्धान परिषद्का वरिष्ठ वैज्ञानिक डा.बालकृष्ण जोशीले जानकारी दिएका थिए ।

बासमति धानको विषयमा सन् १९६० मा नार्कले बासमती चामल सम्बन्धी अनुसन्धान गरेकोले यसले ठूलो सहयोग गर्ने उनको भनाई छ ।

भारतले बासमती धान र चामलमाथि एकाधिकार माग गर्दै युरोपियन युनियन (इयू)मा आवेदन दिएको छ । भारतको तर्फबाट इयूमा बासमतीको भौगोलिक संकेत दावी गर्दै निवेदन परेको छ ।

भारतले दिएको निवदेनको विस्तृत जानकारी इयूले आफ्नो आधिकारिक जर्नलमा प्रकाशित गरेको छ ।

नेपालले निवेदन भने अबको पाँच दिनभित्र दिई सक्नुपर्छ । भारतीय निवेदन जर्नलमा प्रकाशित भएको ११, सेप्टेम्बर २०२० का मितिले तीन महिना समय डिसेम्बर ११ मा पुग्दैछ ।

तोकिएको समयमा नेपालले दावी-विरोध नगरे नेपालले विदेश निर्यात मात्र होइन, नेपालभित्रै पनि बासमती नामबाट कुनै पनि खाद्यवस्तु वितरण गर्न नपाउने अवस्था आउने सरोकारवालाहरूले बताएका छन् ।

भगवती भईन् कौसी क्विन

काठमाडौं, ३ मङसिर । कौसी खेती प्रवर्द्धनका लागि बागमति प्रदेशस्तरीय "कौसी क्विन २०७७" फोटो प्रतियोगिता एक कार्यक्रम माझ सम्पन्न भएको छ ।

प्रज्ञान क्रियशन प्रा.लि द्वारा सञ्चालित हलोखबर डटकमको उक्त प्रतियोगिता सञ्चालन गरेको कार्यक्रममा भुमि व्यवस्था कृषि सहकारी मन्त्रालय र नेपाल सरकार कृषि निर्देशनालय हेटौंडाको सहयोग रहेको थियो । प्रतियोगितामा फोटो अनुसार विभिन्न पुरस्कारको व्यवस्था गरिएको थियो ।

फोटो प्रतियोगिताको सर्वोत्कृष्ट विजेता भगवती श्रेष्ठ भएकी छन् । श्रेष्ठलाई रु ५५ हजार तीन सय ५० को विभिन्न कौसी खेतीको कृषि सामाग्री प्रदान गरिएको छ ।

तरकारी खेतीतर्फ "फस्ट रनर-अप" पवित्रा भण्डारी भएकी छन् । कोपिला खनालले दोस्रो स्थान र जिग्मी लामाले तेस्रो स्थान पाएकी

छन् । दोस्रो र तेस्रो स्थानमा प्राप्त गर्ने विजेताहरूलाई जनही रु.१६ हजार आठ सय ५० र रु १० हजार ५० मुल्य बराबरको कौसी खेतीका विभिन्न सामाग्री प्रदान गरिएको छ ।

फलफूल तथा पुष्प विधामा प्रथम डा.नम्रता श्रेष्ठले हासिल गरेकी छन् । त्यस्तै, दोस्रो स्थानमा रेखा महर्जन र तेस्रो स्थानमा सीता शर्मा अधिकारीले प्राप्त गरेकी छन् । फलफूल तथा पुष्प विधातर्फ प्रथम डा. श्रेष्ठले रु सात हजार, दोस्रोलाई रु. ६ हजार र तेस्रोलाई रु ५ हजार राशीको कौसी खेतीका सामाग्री प्रदान गरिएको छ ।

कार्यक्रमका अतिथिको कृषि तथा सहकारी मन्त्रालयकी सचिव डा. मतिना जोशी वैध, कृषि तथा पुशपन्छी विकास मन्त्रालयका निमित्त सचिव योगेन्द्र बहादुर कार्की उपस्थित थिए । कार्तिक १ गतेबाट फोटो एकसाथ प्रकाशित गरिएको थियो भने, कार्यक्रमको तयारी चार महिना अघिदेखि भएका थिए ।

प्रतियोगीका फोटो लाइक, सेयर तथा कमेन्ट र निर्णयक मण्डलको मुल्याङ्कन अनुसार विजेता छानिएका थिए । विजेतालाई खादा, प्रमाण-पत्र सहित "क्राउन" ले सम्मानित गरिएको थियो । बागमति प्रदेशस्तरीय कौसी क्विन फोटो प्रतियोगितामा करिब एक सय २० सहभागी थिए ।

विशेषता यी कुराहरूमा ध्यान दिनु सम्भव भए भएसम्म सम्पूर्ण बोटनै लिनुपर्छ । मरेको भाग मात्र नलिने र रोगको लक्षण भएको भाग लिनुसक्दा ताजा अवस्थामा नमूनाको चिस्यान सोसेर लिने खालको पत्रिकाहरूमा बेरेर वा नेपाली खाममा राखेर जति सक्दो चाँडो प्रयोगशालामा पुऱ्याउनु पर्छ । प्रयोगशालामा पुऱ्याउन सके पछि बाली रोग विज्ञहरूसँग तुरुन्तै सम्पर्क राखी सही रोगको पहिचान गर्न जरुरी छ ।

बाली रोग व्यवस्थापन :

कुनै पनि रोगको पहिचान गरेर रोग पत्ता लगाउनु नै रोग व्यवस्थापनको प्रमुख आधार हो । त्यसैले कुनै जैविक वा अजैविक कारणले रोग यदि ढिलो भयो भने त्यसले कुनै जैविक वा अजैविक कारणले रोग संक्रमण हुन भन्दा पहिलेनै थाहा हुनु पर्छ । यदि ढिलो भयो भने पछि गएर खास रोगको ठाउँमा अन्य कुराहरूले संक्रमण गर्न सक्छ । र रोगको पहिचान हुन कठिनाई हुन सक्छ ।

रोग व्यवस्थापन गर्न सबैभन्दा प्रमुख कुरा रोगको सही पहिचान नै हो । बालीमा लाग्ने रोगको पहिचान गर्ने काम जटिल पनि हुनसक्छ । सँधै देखिने रोगको पहिचान रोगको लक्षणहरूबाट सजिलै गर्न सकिन्छ । केही रोगहरूबारे बिरुवामा पाइने जिवाणु वा जिवाणुको अंग र अंशबाट पहिचान गरिन्छ । जटिल रोग वा नयाँ रोग पहिचान गर्न विशेषाज्ञको सहयोग लिनु पर्ने हुन्छ । कृषकले साधारण लक्षणहरू हेरेर रोग ठम्याउन नसकेमा निजको । बाली कृषकले साधारण लक्षणहरू हेरेर रोग ठम्याउन नसकेमा नजिकैको बाली रोग प्रयोगशालामा सम्पर्क गरि रोग पहिचान गर्न सहयोग लिनुपर्छ । सही रोगको पहिचान भइसेकपछि विज्ञहरूले सिफारिस गरे अनुसार सही विषादी सही मात्रामा सही समयमा सही तरिका, एप्रोन, माक्स, बुट, चस्मा आदि प्रयोग गरेर रोगलाई व्यवस्थापन गर्न सकिछ ।

फूलमा आत्मनिर्भरका लागि अध्ययन, अनुसन्धान आवश्यक

काठमाडौं, कात्तिक २२ गते । आत्मनिर्भरोन्मुख सयपत्री फूलमा पूर्ण आत्मनिर्भर बन्नका लागि अध्ययन, अनुसन्धान, प्रविधिको प्रयोगमा जोडदिनुपर्ने सरोकारवालाले बताएका छन् । एसोसिएसन अफ नेपाली एग्रिकल्चर जर्नालिष्ट (अनाज) द्वारा शनिबार आयोजित "आसन्नतिहार र सयपत्री फूलमा आत्मनिर्भरताको सवाल" विषयक अन्तरक्रिया कार्यक्रममा कृषि तथा पशुपन्क्षी विकास मन्त्रालयका सहसचिव एवं प्रवक्ता डा.हरिबहादुर केसीले कृषक, व्यवसायी सरकारलगायत सबै सरोकारवाला निकायको प्रयासबाट सयपत्री फूलमा नेपाल आत्मनिर्भरोन्मुख अवस्थामा पुगेको दावी गरे ।

सरकारले जारी गरेको पुष्प प्रवर्द्धन नीति, पुष्प महोत्सवमा सहयोग, सयपत्री फूल खेती प्रवर्द्धन जस्ता कार्यक्रमका कारण टेवा पुगेको उनको भनाई छ ।

पूर्ण आत्मनिर्भरताका लागि साना किसानमार्फत देशैभरी सयपत्रि फूलको खेती विस्तारमा जोड दिनुपर्ने पनि उनले बताए । फूलको अध्ययन अनुसन्धानका लागि भने व्यवसायीले नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) सँग सहकार्य गर्नुपर्ने उनको सुझाव थियो । नेपाल उद्योग वाणिज्य महासंघ वस्तुगत परिषदका उपाध्यक्ष लोकनाथ गैरेले आत्मनिर्भरोन्मुख अवस्थामा रहेकोले आयातित् फूललाई निरुत्साहित गर्नुपर्ने बताए ।

निरन्तरको प्रयासपछि फूल आयातमा ५ प्रतिशत कृषि सुधार शुल्क अतिरिक्त शुल्क गरी १० प्रतिशत राजश्व लिने व्यवस्था गरेको उनले जानकारी गराए ।

फ्लोरिकल्चर एसोसिएसन नेपाल (फ्यान) का अध्यक्ष कुमार कसजु (श्रेष्ठ)ले विगतमा भारतबाट पनि सयपत्रि फूल आयात् हुने गरेकोमा यस वर्षको तिहारमा स्वदेशी सयपत्रीको फूलमाला नै प्रयोग हुने बताए । यसवर्षको तिहारमा सयपत्री १२ लाख र मखमली ३ लाख गरी कुल १५ लाख माला आवश्यक पर्ने भन्दै स्वदेशी उत्पादनले नै धान्ने बताउनुभयो ।

माग कम रहेका कारण मालाको मूल्य पनि ६० देखि ७० रुपैयाँको हाराहारीमा मात्रै रहने उनको भनाई छ । पछिल्लो समय सयपत्री फूलको खेती विस्तार हुँदै गएका कारण आत्मनिर्भरताको अवस्थामा पुगेको उनले बताए ।

श्रेष्ठका अनुसार भारतबाट खासगरी कलकत्ते प्रजातिको सयपत्रि आउने गर्थ्यो तर सो प्रजातिको नेपालमै खेती सुरु भइसकेको छ भने थाइल्याण्डको प्रजातिको पनि खेती सुरु भएको छ ।

पुष्प विकास केन्द्रका प्रमुख सुधिर श्रेष्ठले आयात्लाई निरुत्साहित गर्न फूललाई पनि प्लान्ट क्वारेन्टाइनमा समावेश गरिनुपर्ने र क्वारेन्टाइनहरूलाई प्रभावकारी बनाइनु पर्ने बताए । पुष्प क्षेत्रको प्रवर्द्धनका लागि केन्द्रले सम्बन्धित विद्यार्थी र संघ संस्थाहरूसँग सहकार्यमा अध्ययन अनुसन्धान शुरु गरेको जानकारी समेत गराए ।

बीउ विजन प्रयोगशाला हेटौंडाका प्रमुख निर्मल गदालले कृषि ज्ञान केन्द्र मार्फत सयपत्रि फूलको प्रवर्द्धनका लागि धेरै आधुनिक संरचनाहरू

बाँकी १९ पृष्ठमा

उच्च उत्पादनको लागि वायोचार प्रविधि प्रयोग

✍धनबहादुर मगर

परिचय :

मलमुत्र थपिएको वायोचारले कृषि उत्पादन नघटाई अझ उत्पादनमा थप वृद्धि सहित पूर्णतया आंशिक रुपमा रसायनिक मललाई प्रतिस्थापन गर्न सक्छ ।

ज्वालाको पर्दायुक्त भट्टीको पाइरोलाइसिस् तापमान (७००) डिग्री सेन्टीग्रेडबाट बनेको वायोचार परम्परागत वा रिटोर्ट प्रविधिहरूको (४००-५००) डिग्री सेन्टीग्रेड तापमानमा बनाएको वायोचार भन्दा धेरै सतही क्षेत्रफल युक्त र अधिकार कार्वन संचित क्षमता भएको वायोचार बन्छ । जसमा उच्च पोषकतत्व धारण गर्ने क्षमता धेरै हुन्छ । कच्चा पदार्थ कम अन्तर्निहित तत्व कणको आकार र पानीको मात्रा आदिको आधार वायोचारको निर्माण अनुपात निर्भर गर्दछ । सामान्यतया, वायोचारको परिमाण सुख्खा वायोमासको १५ प्रतिशत र ३० प्रतिशतको बिचमा पर्दछ । समग्रमा उच्च तापमान भएको ज्वालालाई पर्दाको रुपमा प्रयोग गरी बनाइएको वायोचार कम तापमान भएको परम्परागत प्रविधिहरू भन्दा पनि उच्च गुणस्तरको भएको अपेक्षा गर्न सकिन्छ ।

बाली उत्पादनमा वायोचारको प्रयोग :

वायोचारमा आधारित मल माटोको उर्वरा शक्ति वा बालीको उत्पादन क्षमता वृद्धि गर्ने एक वस्तुहो । यसले बालीलाई जलवायु परिवर्तनको नकारात्मक प्रभावहरूको सामना गर्न मद्दत गर्दछ । र महँगो रसायनिक मलको आवश्यकतालाई समेत कम गर्छ । हुनत वायोचार आफैमा मल होइन, यो एक घिरौंलाको जालो जस्तै स्पन्ज आकारको वस्तु हो । जसले जैविक पोषकतत्व (उदाहरणका लागि पशुमुत्र र पानी) समातेर राख्छ । बिरुवाहरूलाई उपलब्ध गराउँछ । कोन-टिकी वायोचारको सतही क्षेत्रफल ४०० वर्गमिटर प्रति ग्राम जति रहने गर्दछ । जसले आफ्नो तौल भन्दा ६ गुणा बढी पानीको तौल धारणा गर्न सक्ने क्षमता राख्दछ । विस्तारै जरालाई उपलब्ध गराउने कौशलता समेत राख्दछ । यी वायोचारमा आधारित वृद्धिका चरणमा आवश्यक भएजति पोषक मल बालीको जरा नजिक लगाएपछि बोटहरूले आवश्यक पौष्टिक तत्व लिन सक्छन् । वायोचारले पौष्टिक तत्वलाई जराकै वरिपरि पकडेर राख्दछ । ठूलो पानीमा पनि यसलाई बगेर जान दिँदैन । जरामा वायोचार र तरल जैविक पोषकको संयोजन गराउँदा अर्गानिक वायोचार मलले रसायनिक मलले जस्तै कृषि उत्पादनमा वृद्धि गर्दछ । यसको सही प्रयोगले अझ उपज बढाउँछ । वायोचारलाई पशुको मलमुत्र सोस्न मलखादमा राखिए पछि बनेको बायोचार (मलमुत्रको मिश्रण) पोषकतत्व सहितको वायोचार) बन्छ । जसमा नाइट्रोजन १० के.जी. र पोटासियम १० केजी प्रति घन मिटर वायोचार हुन्छ । दुई गाई भएको एक किसान परिवारले वर्षमा ७ देखि १० घन मिटर अर्गानिक वायोचार उत्पादन गर्नसक्छ । यति मात्रको अर्गानिक मलमा १२० केजी नाइट्रोजन हुन्छ । जसको बजार मूल्य रु.१० हजार भन्दा बढी हुन्छ । यो आधा हेक्टर खेतबारीलाई आवश्यक पर्ने वार्षिक मलको लागि पर्याप्त हुन्छ ।

यो बायोचार बनाउने विधिले मलमा पोषकतत्वको दक्षता बढाउँछ । सुख्खा वातावरणमा बालीलाई थप मजबुत बनाउँछ । एडीबी परियोजना अन्तर्गत १४ गाउँमा गरिएको परिक्षणबाट वायोचार र गाईको पिसाब संयोजनले बालीको उत्पादन बढेको पाइएको छ । गोलभेंडामा २०० प्रतिशत र फर्सीमा ३०० प्रतिशतसम्म उत्पादन बढेको पाइएको छ । यसले खेतीबाट हुने खुद मुनाफामा वृद्धि गराउँदछ ।

हरित गृह ग्याँसको मात्रा कम :

वायोचारले तीन तरिकाबाट हरित गृह ग्याँस कम गर्न योगदान पुऱ्याउँछ । पहिले वायोचारको उत्पादनको अर्थ किसानले बालीको खेरजाने जैविक अवशेषलाई तह मात्र लगाउन भनि पोल्दैनन्, जसबाट कार्वन उत्सर्जन पनि कम हुन्छ । दोस्रो वायोचार माटोमा सजिलै विघटित हुँदैन र यो लामो समय सम्म कार्वन सञ्चित गर्ने तत्वको रुपमा रहन्छ । तेस्रो, यो प्रविधिले रसायनिक मललाई जैविक फोहोर प्रयोगमा नआउने तरल पदार्थ (गाईवस्तुको मल मुत्र)ले प्रतिस्थापन गर्दछ । जुन वस्तु नदी र भूमिगत पानीमा यस्तै मिसिरहेको हुन्छ । गाईवस्तुको पिसाबलाई मलको रुपमा प्रयोग गर्नाले वातावरणमा नाइट्रस् अक्साइडको मात्रा कम गर्छ । जुन एक हरित गृह ग्याँस हो, जसले जलवायु परिवर्तनमा कार्वन डाइअक्साइड भन्दा ३०० गुणा बढी असर पार्छ । जम्माजम्मी एक टन जैविक वायोचार मलको उत्पादन र प्रयोगले कार्वन डाइअक्साइड कम्तिमा तीन टन बराबरको कम गर्न सक्छ

निष्कर्ष :

पशु-मुत्रमिश्रण गरिएको वायोचारले महँगो रसायनिक मललाई पूर्ण वा आंशिक रुपमा कुनै पनि बालीको उत्पादनमा कमी आउन नदिई, अझ प्रष्ट भन्दा पर्याप्त उत्पादन बढाएर प्रतिस्थापन गर्नसक्छ । यसले हरित गृह ग्याँस उत्सर्जन कम गर्न, माटोको गुणस्तर सुधार गर्न र खेतीबाट हुने आयमा मनग्य वृद्धि गराउँदछ ।

बाली उत्पादनमा सुधार ल्याउन वायोचारको प्रयोग :

वायोचार मुलतः कोइला हो, तर यसलाई जलाउनुको सट्टा कृषि लगायत अन्य प्रयोजनको लागि प्रयोग गरिन्छ । कृषि क्षेत्रमा यो एक माटो संशोधनको लागि प्रयोग गरिने र बोट बिरुवालाई आवश्यक पर्ने पौष्टिक पर्दा बोक्ने जैविक पदार्थ हो । यसका साथै यसलाई पौष्टिक पदार्थयुक्त पशु आहार निर्माण, तरल र ठोस मल व्यवस्थापन र लामो समयसम्म माटोमा कार्वन सञ्चित गरिने प्रयोजनको लागि समेत प्रयोग गर्न सकिन्छ । वायोमास जस्तै : मकै या अन्य बालीको अवशेष धानको ठुटा, वनमारा जस्तो झाडीयुक्त झारपातहरू पशुको

रोग तथा कीरा नियन्त्रण गर्न, मल हाल्न र फूल टिप्न असजिलो हुने तथा ज्यालामा बढी रकम खर्च हुने भएकाले कम भिरालो तथा समथर जग्गा छनौट गरी लगाउन उपयुक्त देखिन्छ ।

जात :

जैतुन बिरुवाको जात धेरै छ । तेल उत्पादन हुने र फल अचारमा प्रयोग गरिने भएकाले केही जातहरुको बारेमा उल्लेख गरिएको छ । जस्तैः होजि व्लांको, अल-सोरानी, अल जेती, सेभिलेंका, सावरी, अलकसी, अजापा, डान, पिकुडो । यी माथि उल्लेख गरेका जातहरू स्पेन र सिरिया देशका उन्नत जात हुन् ।

खाडलको तयारी :

बिरुवा रोप्नु भन्दा पहिले रेखाङ्कन गर्न अति जरुरी हुन्छ । रेखाङ्कन गरिएको जग्गामा कलमी या कटिङ्ग कुन बिरुवा सार्ने हो, सो अनुसार खाडलको दूरी निर्धारण गर्नु पर्छ । एक बोटबाट अर्को बोट ५ मिटर, १ हारबाट अर्को हार ६ मिटरको फरकमा १ वाई १ मिटर गहिरो चौडा खाडल खन्नु पर्छ । प्रत्येक खाडलमा ४०-५० केजी पाकेको गोवर मल र माटो मिलाई माघ-फागुनमा रोप्नु भन्दा २-३ महिना अगाडि नै खाडल तयार पार्नु पर्छ । तर पोलिव्यागमा तयार गर्ने भएकोले जहिले पनि सार्न सकिन्छ । प्रति खाडलको माथिल्लो भागमा करिब ८ सेमि सुख्खा माटोले पुर्नुपर्छ

बिरुवा रोप्ने :

जैतुन बिरुवा र १-२ वर्षको कलमी या कटिङ्ग रोप्ता जरा र अरुबाट भाग ६-८ सेमी अलि मोटाभित्र पर्ने गरी सार्नु पर्छ । बिरुवा सारेको १-२ दिन पानी दिने, त्यसपछि महिनाको ४ पटक मात्र पानी दिनु पर्छ यसरी सारेको बिरुवा ८-१० सेमी फरकमा लट्टी गाडेर सुतली या डोरीको सहायतालेअङ्ग्रेजीको आठ आकारबाट बाँध्दा हावाद्वारा हल्लिएर बाङ्गो हुनबाट जोगाउन सकिन्छ । यसरी सारेको बिरुवा ५ वर्ष पछि फल्न शुरु गर्छ । जैतुन बिरुवाको १ वर्ष पूरानो हाँगाहरूमा मात्र फल फल्दछ भने यसको फूल बैशाख र जेठ महिनादेखि फुल्न शुरु हुन्छ । तर फूल २० दिन मात्र रहन्छ ।

बगैंचामा बिरुवा लगाउने तरिका :

जैतुनको बिरुवा विभिन्न तरिकाबाट लगाउन सकिने भए तापनि वर्गाकार तरिकाबाट रोप्नु उपयुक्त हुन्छ । यो तरिकाबाट रोपेको बोट चारैतिर सोझो हुन्छ । यसरी रोपेको खण्डमा प्रति हेक्टर ३०० बोट लगाउन सकिन्छ । भिरालो जग्गामा कन्टुर तरिकाबाट नै बिरुवा लगाउनु पर्छ । जैतुन बिरुवाको एउटा जातको १०० बिरुवा रोप्दा अन्य जातको १० बोट लाएमा परागसेचन प्रक्रिया व्यवस्थित हुन सक्छ । वर्गाकार तरिकाबाट जैतुन बिरुवाको एउटा

मल हाल्नुभन्दा अगाडि बिरुवाको वरिपरि २० सेमी चौडाई र १५ सेमी गहिराई भएको गोलो रिङ्ग आकारमा गोलो धर्को बनाइसकेपछि पाकेको गोबर मल ४०-५० केजी प्रति केजी प्रतिबोट वरिपरि राखी माटोले पुरिदिने वर्षको दुईपटक पुस र असारमा मल हाल्नु पर्दछ ।

जातको वर्गाकार तरिकाबाट जैतुन रोपेको जग्गामा खाली रहेको बीचको भागमा तरकारी खेती गर्न सकिन्छ । तर होचो खालको तरकारी जसतै भटमास, सिमी लगाउन सकिन्छ । यसरी खेती गर्दा फल नफलेसम्म तरकारी उत्पादन भई आर्थिक लाभ हुन्छ ।

मल राख्ने तरिका :

मल हाल्नुभन्दा अगाडि बिरुवाको वरिपरि २० सेमी चौडाई र १५ सेमी गहिराई भएको गोलो रिङ्ग आकारमा गोलो धर्को बनाइसकेपछि पाकेको गोबर मल ४०-५० केजी प्रति केजी प्रतिबोट वरिपरि राखी माटोले पुरिदिने वर्षको दुईपटक पुस र असारमा मल हाल्नु पर्दछ । पछि असारमा मल राख्न नचाहेमा बोटको वरिपरि भएको झारपात थुपारेर पल्टाईदिएमा पनि घाँस (झारपात) कुहिएर प्राङ्गारिक मल उपलब्ध हुन्छ । जसले गर्दा माटो खुकुलो भै बोटको विकास हुन्छ । स्वास्थ देखिन्छ ।

जैतुन बोटमा काटछाँट :

बिरुवालाई आवश्यकता अनुसार काटछाँट गरी आकार मिलाउन सकिन्छ । कम उचाईमा हाँगाहरू फैलाउनका लागि ८० सेमी माथि टुप्पो काट्ने र ३-४ हाँगा चारै तर्फ फैलिने गरी राख्ने या अलि बढी हाँगा फैलाउनको लागि १०० सेमी टुप्पो काट्ने गरेमा बोटको आकार राम्रो हुन्छ । प्रत्येक वर्ष फल टिपेपछि हल्का काँटछाँट गर्ने, साथै सुकेका हाँगाहरु छन् भने काटेर बालीदिनु पर्छ ।

फल टिप्ने समय :

जैतुनको फूल फुलेको ५-७ महिनापछि फल परिपक्व हुन्छ । फल परिपक्व भएर पूर्ण आकारको भएपछि गाढा हरियो । पहेँलो भएपछि अचारको लागि टिप्ने र फल कालो भएपछि तेलको लागि टिप्ने समय हुन्छ । फलको बोटको फेदमा कपडा या त्रिपाल बिछ्याएर फल झार्नु उपयुक्त हुन्छ । एक बोट जैतुनमा ३० केजी फल फल्दछ भने यसबाट ४-५ लिटर तेल निकाल्न सकिन्छ ।

मुख्य रोग र कीरा :

सुटी मोल्ड : यो रोगले जैतुन बिरुवाको पातको माथिल्लो भाग र तल्लो भागमा कलिला हाँगाहरुमा आक्रमण गर्छ । पछि गएर सबै हाँगाहरुमा देखा पर्दछ । रोग लागेको पात कालो कालो देखिन्छ । कीराले महजस्तो गुलियो पदार्थ पातमा छोड्दा यो देखा पर्छ । बढी गर्मी र पानी परेको वा हावामा बढी आर्द्रता भएको स्थानमा यो बढी देखा पर्दछ ।

उपचार :

यो रोग लागेको बोटमा युरिया मल २.५ ग्राम १ लिटर पानीमा राखी छर्ने वा खरानीलाई सबै बोट हाँगाहरुमा पर्नेगरी छर्कने वा ब्लाइटक्स, इण्डोफिल १ लिटर पानीमा २-ग्राम राखी छर्नाले राम्रो हुन्छ । समयमै स्केल कीरा नियन्त्रण गर्न सकेको खण्डमा रोग लाग्नबाट बचाउन सकिन्छ ।

सान्जोसे स्केल :

यो कीराले सानो बिरुवादेखि ठूलोमा समेत आक्रमण गर्ने भएकाले समयमै विचार पुऱ्याउनु पर्छ । स्केल कीरा कालो, ठूलो र खैरो रातो सानो थोप्ला जस्तो हुन्छ । यो पुरै बोटमा लाग्छ । पछि गएर पूरै हाँगा सुकेर जान्छ ।

उपचार :

स्केल कीराबाट आक्रमण भएको देख्नासाथ रोगर, नुभान, झोल १ लिटर पानीमा २-३ मिलि राखी २ पटकजति स्प्रे गरेमा नियन्त्रण हुन्छ । जरामा खुम्रे कीराले आक्रमण गर्ने भएकाले दशवान विषादी १ लिटर पानीमा २-३ मिलि राखी बोटको फेदमा वरिपरि माटो भिज्ने गरी वर्षको ३-४ पटक स्प्रे गरेमा जराको बोक्रा खाई बोट मर्ने सम्भावनाबाट बचाउ गर्न सकिन्छ ।

टिन्जिड बग :

यो कीरा जैतुनको लागि खतरनाक हो । यो कीराले पातको हरियो भागमा टाँसिएर रस चुसेर खान्छ । यसले चुसेको पात पहेँलो भएर पात झर्छ । बढी आक्रमण भएमा बोट कमजोर भै सुक्ने सम्भावना हुन्छ । समयमै विषादी धनवान २-३ मिलि १ लिटर पानीमा र Victor १ लिटर पानीमा ४ थोपा राखी छर्नाले कीरा नियन्त्रण हुन्छ ।

बासुदेव कर्माचार्य
नेपालमा फलफूल खेती र कलमी गर्ने प्रविधि २०६७

जैतुन खेती प्रविधि

परिचय :

जैतुनको बिरुवा खेती विश्वका अन्य भागहरूमा समेत विस्तारै फैलिदै आएको छ। हुन त जैतुनको उत्पत्ति पामिर चोटी र तुर्किस्तानको वरपर भई त्यहाँबाट पूर्व-पश्चिमतर्फ फैलिएको विश्वास गरिन्छ। जैतुनको फलबाट तेल उत्पादन हुन्छ। फललाई अचारको रुपमा प्रयोग गर्न सकिन्छ। जुन अचार निकै स्वादिलो हुन्छ।

यसको तेल साह्रै मिठो र पोषिलो हुन्छ। खाना र शरीरमा घस्न अति उपयोगी छ। सुत्केरी महिला र भर्खर जन्मेका बच्चाको शरीरमा लगाउन, ढाड, दुखेको, कम्मर दुखेको, मर्केको भागमा लगाउन र वृद्धि तथा जोसुकैको शरीर प्रयोग गर्न सकिन्छ। यसको तेल लगाउँदा कपाल चाँडै नफुल्ने, यसको तेलबाट वास्नादार साबुन बनाउन सकिन्छ। जैतुनको तेल, पिना, फल पात, काठ, हाँगा, जरा बोटको सबै भाग विभिन्न कामका लागि उपयोगी साबित भएको छ। यो एक पटक लगाए पनि सयौं वर्ष सम्म जीवित रही पुस्तौं पुस्तासम्म रहीरहने बिरुवा हो जैतुन बिरुवालाई पश्चिमी एसिया, यूरोपमा पवित्र रुखको रुपमा उच्च मान्यता दिइन्छ भने राम्रो काम गर्ने मानिसहरूलाई जैतुनको मुना दिई सम्मान गरिन्छ। कसैको घरमा भेट्न जाँदा जैतुनको मुनाको गुच्छा लिई जाने चलन छ। यो बिरुवा रुखो जमीन र सुक्खा हावापानीमा समेत फस्टाउन सक्ने सदावहार हुनका साथै बिरुवाको आकार गोलाकार र हाँगाहरू लच्किने हुँदा राम्रो शोभायामान देखिन्छ।

१० सेमी उचाई गमलामा रोपी सयौं वर्ष बोनसाई बनाउन हुने सदावहार बिरुवा हो। नेपालमा यसको खेती गर्न सकेको खण्डमा विदेशबाट जैतुन तेल आयत् कम हुने र नेपाली कृषकहरूको आर्थिक स्रोत बढ्ने देखिन्छ।

यो जैतुनको बिरुवा आव २०५५/५६ मा स्पेन र सिरिया देशाबाट नेपाल प्राप्त भएको हो। यो बिरुवाको २१ जातका १६० बोट अध्ययन परीक्षणका लागि फलफूल विकास निर्देशनालय, पुष्प विकास केन्द्र गोदावरीमा जर्मप्लाज्म र माउबोटको रुपमा रोपिराखेको छ। नेपालको उत्तरपश्चिम भेग जुम्ला, हुम्ला, मुगु, रोल्पा, डोल्पा, बझाङ, बाजुरा, अछाम, रुकुम, कालिकोट र जाजरकोट आदि जिल्लाहरूमा हजारौं वर्षदेखि प्राकृतिक रुपमा

सयौं वर्ष सम्म जीवित रही पुस्तौं पुस्तासम्म रहीरहने बिरुवा हो जैतुन बिरुवालाई पश्चिमी एसिया, यूरोपमा पवित्र रुखको रुपमा उच्च मान्यता दिइन्छ भने राम्रो काम गर्ने मानिसहरूलाई जैतुनको मुना दिई सम्मान गरिन्छ। कसैको घरमा भेट्न जाँदा जैतुनको मुनाको गुच्छा लिई जाने चलन छ। यो बिरुवा रुखो जमीन र सुक्खा हावापानीमा समेत फस्टाउन सक्ने सदावहार हुनका साथै बिरुवाको आकार गोलाकार र हाँगाहरू लच्किने हुँदा राम्रो शोभायामान देखिन्छ।

हुर्कदै आएको जैतुनको जङ्गली जात लोटो (Oil Cuspidat Wall) भएको ती जिल्लाहरुमा उन्नत जातको जैतुन लगाउन आवश्यक पर्ने जलवायु र माटो पाइएको हुँदा भविष्यमा एक मुख्य बालीको रुपमा ती जिल्लाहरूमा उन्नत बिरुवा उत्पादन गरी लगाउन सकेमा स्थानीय रुपमा रोजगारीका साथै आर्थिक उन्नती हुने थियो। डोल्पा जिल्लामा भएको स्थानीय जातलाई थाहा नपाई बिरुवाहरुलाई घाँस सेउलाको रुपमा प्रयोग गर्दा जङ्गली जैतुनको बिरुवा ह्रास भएर साह्रै सानो हुने, फल लाग्न पनि १०-१२ वर्ष लाग्ने र तेल उत्पादन धेरै कम भएर जाने खतरा देखिन्छ। हुनता नेपालको जैतुन फल कालो भटमास जस्तो साह्रो सानो हुने र, फल लाग्न पनि १०-१२ वर्ष लाग्ने र तेल उत्पादन धेरै कम हुन्छ। यसको बिरुवालाई रुटस्टकको रुपमा प्रयोग गरी उन्नत जातको बिरुवा कलमी गरी विकास गर्न सकिन्छ। यस सम्बन्धमा नेपालको उत्तपर-पश्चिम भेगमा वृहत् कार्यक्रम सञ्चालन गर्न सम्बन्धित निकायबाट पहल गर्नु पर्ने जरुरी देखिन्छ।

यस सन्दर्भमा विश्व खाद्य संगठनको सहयोगमा ८ वर्ष अगाडि विभिन्न मुलुकबाट जर्मप्लाज्मको रुपमा ल्याई पुष्प विकास केन्द्र गोदावरीमा रोपि राखेकोमा तिनको समुचित संरक्षण सम्वर्द्धन गर्नु पर्ने ज्यादै जरुरी देखिन्छ।

हावापानी :

समुद्र सतहबाट १५००-२००० मिटरको उचाई सम्मका क्षेत्रहरुमा यसको खेती गर्न सकिन्छ।

माटो : यसको खेतीका लागि पिएच ७-८ सम्म हुनुपर्छ जैतुनको लागि क्रमशः क्याल्सियम, पोटासिय, नाइट्रोजन, फस्फोरस, बोरन, सल्फर तत्वहरू बढी मात्रामा आवश्यक हुन्छ।

पानीको निकास :

पानी जम्ने ठाउँमा जैतुन बिरुवा लगाउनु हुँदैन। बगैंचामा लगाउनु भन्दा पहिले नै चारै तर्फ कुलेसो काटी निकासको प्रबन्ध मिलाउन अति जरुरी हुन्छ।

जमीनको सतह र मोहडा :

जैतुनको बिरुवाले पहारिलो र न्यानो वातावरण मन पराउँछ। त्यसकारण यसलाई दक्षिण मोहडाको जग्गा र रुखो छहारी नपर्ने स्थानमा उपयुक्त हुन्छ। समथर जग्गा नभएमा पाखा जग्गाहरुमा पनि जैतुन बिरुवा लगाउन सकिन्छ। भिरालो जग्गामा उन्नत जातको जैतुनको बगैचा स्थापना गर्दा काँटछाट गर्न,

खानाको अवशेष आदिलाई सीमित वा अक्सिजन नभएको वातावरणमा ४०० डिग्री सेन्टीग्रेड भन्दा बढी तापक्रममा तताएर बायोचार उत्पादन गर्न सकिन्छ।

पछिल्लो बीस वर्षदेखि बायोचारको उत्पादनलाई यसको उत्पादन मूल्य बढी भएको कारणले विकासोन्मुख देशहरूमा औद्योगिकीकरण गर्न एउटा चुनौतीपूर्ण अवस्थामा रहेको थियो। तर कोन-टिकी किल्न (Kon-tiki Kiln) जस्तो कम लागतमा बायोचार उत्पादन गर्न सकिने उपकरण र प्रविधिले किसानहरूलाई सानो परिमाणमा बायोचार उत्पादन गर्न सम्भव बनाएको छ। एडीबी (ADB) परियोजना अन्तर्गत (कोन-टिकी प्रकारको भट्टी सफलतापूर्वक नेपालमा परिक्षण गरिएको छ। र २०१६ को प्रारम्भमा १५० भन्दा बढी किसानले आफै निर्माण समेत गरेका छन्। र उक्त भट्टीमा बायोचार उत्पादन पनि शुरु गरिसकेका छन्।

कृषकस्तरीय बायोचार उत्पादन कोन-टिकी भट्टीको सिद्धान्त भनेको सोली आकारको धातु अथवा माटोको खाल्टोको भट्टीमा जैविक पदार्थलाई तह-तह गर्दै बालेर निकालेको आगोको ज्वालालाई पर्दाको रुपमा प्रयोग गरि बाँकी जैविक पदार्थ टुक्र्याउने विधिनै हो। भट्टीमा आगो शुरु गरेपछि जलेको स-साना टुक्राहरूलाई फैलाएर भट्टीको तल्लो पिँधमा छरेर एक पातलो तह बनाइन्छ। त्यसपछि बायोमासको स-साना टुक्राहरूलाई तह-तह गरी थप्दै बालिन्छ। यसरी निस्केको आगोले थिचिएको वायोमासको टुक्राबाट निस्कदै गरेको ग्याँस माथि बढ्दै गर्दा भट्टीमा पस्न खाज्दै गरेको हावामा रहेको अक्सिजनसँग बल्दै अक्सिजनलाई छिर्न नदिनेगरि रोक्दछ। जब कारबोनाइजिङ वायोमासको बाहिरी भागमा केही खरानी जस्तो वस्तुदेखिन थाल्छ। तब वायोमासको अर्को पत्र त्यसमाथि थप्दैजानु पर्दछ। माथि रहेको आगो र तल्लो तहमा रहेको पाइरोलाइसिस् हुँदै गरेको तातो तहबाट निस्केको संवाहित एवं उज्ज्वलित उर्जा (Convected energy and radiant energy) ले ताजा वायोमासलाई तताउँछ। आगोको क्षेत्रमा बनेको ज्वालाले पर्दाबनि तल रहेको वायोचारलाई भष्म हुनबाट बचाउँछ। र सबै धुँवा र ग्याँसलाई सफेद हुनेगरि बाल्दछ। मेटल भट्टी अथवा माटोको खाल्टोमा वायोचार ननिभिउनजेलसम्म घसेटा (वायोमास) बाल्ने प्रकृया दोहोइरहनु पर्दछ।

यो पाइरोलाइसिस् प्रक्रियालाई पानी वा गाईवस्तुको पिसाब हाली वा पानी सजिलै उपलब्ध नभएको ठाउँमा माटोले छोपेर पनि अन्त गर्न सकिन्छ।

वायोचारको गुणस्तर :

आगाको ज्वालाको पर्दारुपी भट्टीबाट बनेको वायोचारको गुणस्तर यूरोपेली वायोचार प्रमाणपत्र (EBC) मा साथै अमेरिका अन्तर्राष्ट्रिय वायोचार इनिसिएटिभ (IBI) हरूले पनि प्रमाणित गरेका छन्। यसमा शक्तिशाली हरित गृह ग्याँस (GHG) र अन्य विषाक्त पदार्थको उत्सर्जन धेरै कम हुन्छ।

कृषि बिमामा जोडदिने

काठमाडौं। बीमा समितिले आज जारी गरेको कृषि तथा पशुपंक्षी बीमा निर्देशिका २०७७ अनुसार चालु आर्थिक वर्षदेखि हरेक निर्जिवन बीमा कम्पनीहरूले वार्षिक कूल व्यवसायको पाँच प्रतिशत कृषि बीमा अनिवार्य गरिएको छ।

नयाँ निर्देशिका मार्फत निर्जिवन बीमा कम्पनीहरूले बीमक कम्पनीहरूलाई कृषि बीमा वाध्यकारी बनाएको हो। निर्जिवन बीमा कम्पनीहरूले कृषि बीमातर्फ आकर्षित नभएपछि बीमा समितिले खुद बीमा शुल्कको पाँच प्रतिशत बीमा शुल्क कृषि बीमा वापत हुनुपर्ने व्यवस्था गरिएको हो।

बीमा समितिले जारी गरेको कृषि तथा पशुपंक्षी बीमाको लागि वनस्पति तथा जीवजन्तु बीमा गरी दुई भागमा वर्गीकरण गरेर बीमा गर्नुपर्ने व्यवस्था गरेको छ। नयाँ व्यवस्था अनुसार छोटो अवधीको बीमालेखमाथि समयावधी बढाउन नपाइने व्यवस्था गरेको छ।

नयाँ व्यवस्था अनुसार कृषि तथा पशुपन्क्षी बीमा पोलिसी जारी गर्दा मोटामोटी वा अन्दाजी मूल्य राख्न नपाइने व्यवस्था नयाँ निर्देशिकामा उल्लेख गरिएको छ। नयाँ व्यवस्था अनुसार कृषि तथा पशुपन्क्षी बीमा पोलिसी जारी गर्दा बीमा गरिएको सम्पत्तिको फोटो तथा भिडियो राख्नुपर्ने व्यवस्था गरेको छ।

नयाँ व्यवस्था अनुसार बीमा अस्वीकार गर्न नपाइने, बिमाङ्क परिवर्तन गर्न नपाइने व्यवस्था गरिएको छ। उक्त व्यवस्थाले बीमा कम्पनीहरूमाथि कृषि बीमा गर्न वाध्यकारी बनाएको छ। यसअघि धेरै निर्जिवन बीमा कम्पनीहरूले कृषि तथा पशु बीमा अस्वीकार गर्ने गरेका गुनासोहरू आउने गरेका थिए।

नयाँ व्यवस्था अनुसार कृषि तथा पुशपन्क्षी बीमा गर्दा बीमा मध्यस्थकर्ताको व्यवस्था गरेको छ। त्यसैगरी, छुट्टै कृषि तथा पशुपन्क्षी बीमा अभिकर्ता व्यवस्था गरेको छ। यसले ग्रामीण भागमा नयाँ थप रोजगारी सिर्जना गर्ने देखिएको छ। अभिकर्ताहरूलाई कूल बीमा शुल्कको १० प्रतिशत कमिशनको व्यवस्था गरिएको छ।

त्यस्तै कृषि तथा पशुपन्क्षी बीमाको लागि छुट्टै मूल्याङ्कनकर्ताको व्यवस्था समेत गरिएको छ। नयाँ व्यवस्था अनुसार यसअघि सर्भेयरले गर्ने काम पशु तथा बालीमा पुगेको क्षतिको मूल्याङ्कन बीमा समितिले तोकेको मूल्याङ्कनकर्ताले गर्ने व्यवस्था गरिएको छ।

चक्लावन्दी कार्यक्रमलाई प्राथमिकता दिएका छौं : डा.विष्णुप्रसाद भट्टराई

प्रेस विज्ञाप्ति

✍सन्तोष सिम्खडा

कार्तिक २८ गते १६ औं राष्ट्रिय कफी दिवस २०७७ मंसीर १ राष्ट्रिय चिया तथा कफी विकास बोर्डका कार्यकारी निर्देशक डा. विष्णु प्रसाद भट्टराईले कफी दिवसको सन्दर्भमा एक विज्ञाप्ति जारी गरी पत्रकार सम्मेलनको आयोजना गर्नु भएको छ। उक्त अवसरमा कफी उत्पादक किसान, स्टेट, प्रशोधक, बिक्रेता, कफी उपभोक्ता र कफीलाई माया गर्ने सबै नेपालीहरूको महत्वपूर्ण चाडको रुपमा रहेको "राष्ट्रिय कफी दिवस" को १६ औं संस्करण यही मंसीर १ गते भाई टिकाको दिन पर्न गएको र कोरोना महामारीका कारण नेपाली जनजीवन सामान्य रुपमा अझै पनि फर्की नसकेकोले राष्ट्रिय चिया तथा कफी विकास बोर्डले यस वर्षको कफी दिवसको मूल समारोहको आयोजना नगर्ने भएको छ। यद्यपी कफी कृषक, सहकारी, उद्योग कफी क्याफे, कफी पारखी र कफीसँग सरोकार राख्ने सबै सराकोकारवालाहरूलाई १६ औं राष्ट्रिय कफी दिवस यथास्थानमा मनाउन बोर्ड हार्दिक अपिल गर्दछ।

विज्ञाप्तिमा भनिएको छ मात्रात्मक रुपमा थोरै भएपनि नेपाली कफीले गुणस्तरका सन्दर्भमा नेपाललाई चिनाउन थालिसकेको छ। स्पेसियालिटी कफीको रुपमा नाम कमाइसकेको नेपाली कफीको माग स्वदेश तथा विदेशमा उच्च रहेको छ। एक दशक अघि कुलिन वर्गको मात्र पेय पदार्थको रुपमा लिइने कफी आज हरेक भान्साको शोभा बनिसेकेको छ।

विशेष गरी शहरी क्षेत्रमा बढ्दो कफी संस्कृतिले गर्दा कफीको आन्तरिक बजारमा पनि व्यापक वृद्धि भएको देखिन्छ। तर माग अनुसार आपूर्ति नहुँदा विगत केही वर्ष कफीको आयात् बढेको र निर्यात घटेको तथ्याङ्कले देखाउँछ।

भन्सार विभागको आ.व. २०७६/०७७ को तथ्याङ्क अनुसार ११ करोड ८८ लाख बराबरको २६६ मेट्रिक टन कफी नेपालमा आयत हुँदा ५ करोड ७७ लाख रुपैयाँ बराबरको ४६.८९ मेट्रिक टन मात्रै कफी निर्यात भएको तथ्याङ्कले देखाउँछ। नेपाली बजारमा कफीको मागका उच्च वृद्धि हुँदा उत्पादन बढ्न नसके पछि कफीको अयात् बढेका र निर्यात घटेको आंकलन गर्न सकिन्छ। कफीको आन्तरिक माग पूर्तिका लाग पनि कफीको रोपण तथा उत्पादन वृद्धिमा सबैको ध्यान पुग्नु पर्ने देखिन्छ।

कफी उत्पादन बढाउनका लागि सम्भावित केही जिल्ला तथा स्थानीय तहहरुसँग बोर्डले योजनाबद्ध समन्वयात्मक कार्यक्रम सञ्चालन गरिरहेको छ। जुन आगामी दिनमा अझ बढाएर लगिने छ। "कफि विस्तारमा उन्नति आर्थिक प्रगति" नारालाई मध्यनजर गर्दै बोर्डले यस वर्ष चक्लावन्दीमा कफी विस्तार कार्यक्रमलाई प्रमुख रुपमा लिएको छ। साथै अगामी दिनहरुमा कफी विस्तार कार्यक्रमलाई प्रदेश र स्थानीय तहहरुको नियमित कार्यक्रमको रुपमा कार्यन्वयन गर्न बोर्डले अग्रणी भूमिका खेल्ने छ।

हामीले लागत खर्च ७३.६ प्रतिशत उत्पादन खर्च छुट्याई २२ प्रतिशत नाफा सुनिश्चित गरेका छौं। लेवर, रोगकीरा, बीउ विजन, सिँचाई, तालिम आदि खर्चको छुट्टाएर २२ प्रतिशत खुद मुनाफ छुट्याएका हौं।

उक्त अवसरमा यही मंसीर १ गते राष्ट्रिय कफी दिवसको सन्दर्भमा पत्रकार सम्मेलन गरी कफीको विकास र विस्तार गर्ने बताएको छ। बोर्डका कार्यकारी निर्देशक डा.विष्णु प्रसाद भट्टराईले कपी विस्तारको लागि यही आर्थिक वर्ष २०७७/७८ मा चक्लावन्दी कार्यक्रम अघि सारिएको जानकारी दिनुभयो। १६ औं कफी दिवसको सन्दर्भमा भट्टराइले। कफी दिवसलाई सरोकारवालाहरूसँग स्थास्थानमा दिवस मनाउन आग्रह गर्दै विश्व बजारमा नेपाली कफीको माग बढेको र उत्पादन प्रयाप्त हुन नसकेको कारण निर्यात गर्न सोचेजति नसकेको बताउनु भयो।

कोभिड महामारीको कारण माग भएपनि सम्बन्धित ठाउँमा पुग्याउन कठिन भएको बताएको छ। यसै आर्थिक वर्षमा कफीको नाफा २०/२५ % किसानको हुनुपर्छ भने मन्त्रालयको निर्देशन अनुसार सरोकारवालाहरुसँग बसेर लागत खर्च कटाएर २२ प्रतिशत नाफा राखेको जनाएको छ। कोभिड महामारीले कफी निर्यात र आयतलाई असर गरेको छ कि भन्ने पत्रकारहरूको जिज्ञासमा असर नपारेको बताइएको छ। कफी उत्पादन अत्यन्त कम छ। १९ सय मेट्रिक टन आवश्यकता रहेकोमा ५ सय ३० मेट्रिक टन मात्र नेपालमा उत्पादन भएको जनाएको छ। चक्लावन्दी कार्यक्रम गरेर उत्पादन बढाउन सकिन्छ। कफी बहुवर्षीय बाली भएकोले ४ वर्ष पछि उत्पादनको परिणाम आउँछ। ३/४ वर्षको अवधीमा आयतमा कमी आउने छ। बोर्डले आवश्यकता अनुसार सम्भावित क्षेत्र र पालिकाहरुमा कफी उत्पादन हुनसक्ने स्थानहरुमा माग भएको खण्डमा तालिम लगायत प्राविधिक सहयोग गर्ने बताउनु भयो। कफी विस्तार गर्न बोर्ड अब नपुगेको ठाउँहरुमा पनि पुग्छ। कफीको कमी हुनमा ग्यापको कमी भएको हुनु पर्छ। अब हामीले "असल कृषि अभ्यास" गर्ने छौं। जसले कफी गर्ने ईच्छा राख्छ सम्पूर्ण कृयाकलापहरु दुई महिना भित्र गरिन्छ।

त्यसैगरी बोर्डका निर्देशक दीपक खनालले नेपालमा १२ लाख ६२ हजार हेक्टर जमीनमा युनिभर्सल क्राइट एरिया अनुसार ८ सय मिटर भन्दा माथी कफी रोप्न सक्ने सम्भावना देखिएको छ। ११ जिल्लामा पुगेर त्यस जिल्लाको गाउँपालिका र नगरपालिकाहरुमा कफी रोप्न वजेट छुट्याउनु भनेर भनेको छु। बोर्डले सम्भाव्यता अध्ययन गरी प्राविधिक सहयोग गर्छौं भनेका छौं। चक्लावन्दी कार्यक्रम मार्फत कफी खेतीमा अनुदान वितरण गर्छौं। प्रचारात्मक अभियान चलाउँछौं।

किसानहरुको माग अनुसार कार्यक्रम दिएका छौं। त्यसका लागि समन्वय र बैठकहरू गरेको छौं। प्रदेश स्तरीय कार्यालय खोल्ने तयारीमा छौं।

हामीले लागत खर्च ७३.६ प्रतिशत उत्पादन खर्च छुट्याई २२ प्रतिशत नाफा सुनिश्चित गरेका छौं। लेवर, रोगकीरा, बीउ विजन, सिँचाई, तालिम आदि खर्चको छुट्टाएर २२ प्रतिशत खुद मुनाफ छुट्याएका हौं। कफी उत्पादन गर्न लाग्ने खर्चको आधारमा ३० जना प्रतिनिधीहरु सहभागी गराई यस पटक २ करोड वजेट अनुदान बाँड्छौं। खेती भनेपछि माटोमा राख्ना साथ फल्छ भन्ने छ। बीउ, वेर्ना गुणस्तरीय छ की छैन। खेतगर्न नजान्दा घाटा हुन्छ।

भन्सार विभागको २ महिनाको तथ्याङ्क अनुसार १५ करोड रुपैयाँ बराबरको कफी आयत भएको देखिन्छ। आयत गर्न नपरोस् आत्मनिर्भर बन्न सकोस भनेर लगभग ५/६ वर्षभित्र १५ सय मेट्रिक टन कफी उन्पादन गर्न सक्यौं भने अवश्य पनि ५/६ वर्षमा आवश्यकता अनुसार कफीको माग पूरा गर्न सकिन्छ। वेरोजगारीको विगविगी छ कफीको माध्यमबाट रोजगार दिन सक्छ। विभिन्न व्यवसाय सञ्चालन गर्ने भलाद्मी प्रकारको व्यक्तिले पनि यो खेती गर्न सक्छ। यसै आर्थिक वर्षमा ९७ वटा प्रस्ताव आएको छ। र ती प्रस्तावहरूमा ५० प्रतिशत अुनदान दिनेछ। साथै बोर्डले यही मंसीर १ गते देखि लागु हनेगरी यस वर्षको कच्चा कफीको मूल्य उत्पादन लागत कटाई २२ प्रतिशत नाफा राखि निम्न अनुसार मूल्य तोकिएको छ।

फ्रेस चेरी कफी : ग्रेड ए रु.९०/-प्रति केजी,
ग्रेड बी रु.८०/-प्रतिकेजी

पार्चमेन्ट चेरी कफी : ग्रेड ए रु.४५०/-प्रति केजी, ग्रेड बी रु.३९७/- प्रतिकेजी,

ड्राई चेरी कफी : ग्रेड ए रु.१४८/-प्रति केजी, ग्रेड बी रु.९५/-प्रति केजी मूल्य निर्धारण गरिएको छ।

फूल खेती .....

निर्माण भएकोले पनि सयपत्री फूलको उत्पादन बढेको बताए। यद्यपी यसवर्ष कोरोनाका कारण ठूलो संख्यामा मानिसहरु काठमाडौंबाट बाहिरिएका कारण सयपत्री फूलमा आत्मनिर्भर जस्तो देखिए पनि अझै उत्पादन बढाउनुपर्ने आवश्यकता रहेको उनले बताए। उत्पादनमा फ्यानले अनुसन्धान र प्रविधिको प्रयोग बढाउनुपर्ने आवश्यकता औल्याउनुभयो। अनुसन्धानले काठमाडौं उपत्यकामावाटै महिना सयपत्री फूल उत्पादन सम्भव रहेको देखाएकोले सोहीअनुसार उत्पादनमा जोड दिनुपर्ने उहाँको भनाई छ।

प्लान्ट क्वारेन्टाइन तथा विषादी केन्द्रका प्रमुख सहदेव हुमागाईले केन्द्रले आफ्नो तर्फबाट अनैतिक आयात्लाई रोक्ने प्रयास गरिरहेको दावी गरे। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नीतिहरूको पालना गर्दै, अवैधानिक रुपमा भित्रिएको फुललाई रोक्ने, फिर्ता पठाउने तथा त्यसरी भित्र्याउन खोज्नेलाई कारवाही गरिएको हुमागाईले बताए। यही प्रयास अन्तर्गत यसवर्ष अवैधानिक रुपमा फूल भित्रिने क्रम केही हदसम्म कम भएको पनि उनले बताए।

यद्यपी वैधानिक रुपमा आएका वस्तुलाई भित्रिन दिनुपर्ने वाध्यता रहेको बताउँदै उनले पुष्प व्यवसायीलाई उत्पादनको दायरा बढाएर भारतीय फुलको मूल्यसँग प्रतिस्पर्धा गर्न सकेमा पुष्प आयात् घट्ने बताए। "भन्सार मूल्य, कृषि सुधार मूल्यकम भएर मात्र आयात् बढेको होइन र यसलाई बढाउदैमा आयात् घट्ने पनि होइन," उनले भने, "आयात् कम गर्नका लागि हाम्रो उत्पादनलाई बढाएर हाम्रो फुलको मूल्य आयातित् फूलको मूल्य जतिकै सस्तो बनाउनुपर्छ।"

तर हुँदाहुँदै पनि खुल्ला सिमानाका कारणले अवैधानिक रुपमा फुल भित्रिने समस्या विद्यमान रहेकोले यसलाई निरुत्साहन गर्न स्थानीय प्रशासन, प्रहरी र किसानले सहकार्य गर्नुपर्ने उनले बताए। फूलको विषयमा फूलोरीकल्चर एसोसियसनका प्रतिनिधिसँग बसेर छलफल गरिरहेको वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागका महानिर्देशक नेत्र प्रसाद सुवेदीले बताए। उनले बजारमा भारतबाट झिलिमिलि फूल आउने आर्टिफिसियल फूल आउने गर्दा त्यसले यहाँको फूललाई विस्थापित गर्ने गरेको विषयमा मन्त्रालयमा कुरा उठाउने गरेको बताए।

फूलको उत्पादनमा सँगै वितरण प्रणालीमा समेत कमजोरी रहेकोले वितरण प्रणाली राम्रो बनाउन पर्ने उनको भनाई छ।

"फूल केही जिल्लामा राम्रो उत्पादन हुने रहेछ। तर त्यसको वितरण र भण्डारण प्रणाली भने अलि कमजोर पाइयो," उनले भने, 'उत्पादन र वितरण दुबै प्रणालीलाई राम्रो बनाउन सक्यौं भने मात्र हामी फूलमा आत्मनिर्भर हुन सक्छौं।' निकासीगर्न प्याकेजिङ्ग र ब्राण्डिङ्गमा पनि ध्यान दिनुपर्ने उनको भनाई छ। उनले व्यवसायीलाई बढी मूल्यलिएर नबेच्न अनुरोध गरेका छन्। '६० देखि ७० रूपैयाँमा एउटा सयपत्रि फूलको माला तयार हुन्छ भनेर कुमार श्रेष्ठले भन्नु भएको भयो। साथीहरूले त्यसरी नै बेच्नु होला," यस वर्षको फूल प्रवर्द्धनको लागि विभिन्न कार्यक्रम राखिएको कृषि ज्ञान केन्द्र ललितपुरका प्रमुख कृष्णभद्र अधिकारीले जानकारी दिए। "वितरण गर्ने काम व्यवसायीले गरिहाल्छन्। हामीले फूलको उत्पादन बढाउन विभिन्न कार्यक्रम राखेका छौं।" प्लाष्टिकको घर बनाउन दिइने अनुदानको काम छनौंटको क्रममा रहेको उनले जानकारी दिए।

उनका अनुसार पकेट कार्यक्रम भने स्थानीय सरकारलाई दिइएको छ। उपत्यकाको २१ पालिकामध्ये गोदावरी १ र नागार्जुन पालिका गरी दुई वटामा फूलको कार्यक्रम रहेको छ। त्यसको लागि २५ लाख विनियोजन हुने छ। नेपाल उद्योग वाणिज्य महासंघ, वस्तुगत परिषद्का उपसभापति लोकनाथ गरैले फूल आयात्लाई निरूत्साहित गर्न सक्दो पहल गरिरहेको बताए। "केहीवर्ष अघि नेपालको फूललाई भन्सार प्रणालीले असर गरेको थियो। अहिले केही सहजभएको छ," उनले भने, "३ वर्षअघि भन्सारमा फूलको मूल्याङ्कन दर एकदमै कम थियो। हामीले भन्सारका मूल्याङ्कन समितिका प्रतिनिधिसँग छलफल गरेर अलि केही बढाएका छौं। यसले स्वदेशी फूलमा भन्सार दर लाग्दैन।"

आयातित् फूलमा पनि भन्सार दर बढाउन महासंघले छलफल गरेको उनले बताए।

"कृषिजन्य वस्तु आयात् गर्दा ५ प्रतिशत कृषि सुधार शुल्क लाग्ने गरेको छ। यसलाई घटाउन भारततर्फबाट धेरै वहस भए तर महासंघले घटाउन दिएको छैन," उनले भने।

अहिले भारत लगाएत तेस्रो मुलुकबाट फूल आयात् गर्दा १० प्रतिशत शुल्क लाग्ने गरेकाले स्वदेशी फूललाई राहत भएको उनले बताए। "५ प्रतिशत कृषि सुधार शुल्क लाग्छ। फूल आयात् गर्ने व्यवसायीले विना भ्याट आयात् गर्दै आएका थिए। अहिले त्यसमा पनि ५ प्रतिशत अप्रत्यक्ष लाग्ने गरेको छ," उनले भने।